# विद्यालय सुधार योजना कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन
विशिष्टीकरण स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
शोधकार्य (५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**


प्रस्तुतकर्ता
राम औतार साह
एम.एड. दोस्रो वर्ष
परीक्षा क्रमाङ्क २१८००५८/२०६६
त्रि.वि. दर्ता नं. ९-२-२२५-८५-२००४



शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७१


त्रि.वि.द.नं. ९-२-२२५-८५-२००४ शोधपत्र बुझाएको मिति : २०७१/०१/२२
परीक्षा रोल नं. २१८००५८/२०६६ भाइभा मिति : २०७१/०२/१६
३० मे, २०१४

विद्यालय सुधार योजना कार्यान्वयन - २०७१ राम औतार साह

# विद्यालय सुधार योजना कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन
विशिष्टीकरण स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
शोधकार्य (५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**


प्रस्तुतकर्ता
राम औतार साह
एम.एड. दोस्रो वर्ष
परीक्षा क्रमाङ्क २१८००५८/२०६६
त्रि.वि. दर्ता नं. ९-२-२२५-८५-२००४

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७१


त्रि.वि.द.नं. ९-२-२२५-८५-२००४ शोधपत्र बुझाएको मिति : २०७१/०१/२२
परीक्षा रोल नं. २१८००५८/२०६६ भाइभा मिति : २०७१/०२/१६
३० मे, २०१४

# कृतज्ञता ज्ञापन

प्रस्तुत सोधपत्रको अध्ययन परिसीमाभित्र रही सान्दर्भिक सिद्धान्त, साहित्यको पुनरावलोकन प्रयोगमा ल्याएको छ । अध्ययनका साधनहरु, तथ्यांकका स्रोतहरु संकलनको रुपमा प्राथमिक स्रोत र द्धितीय स्रोतलाई आधार लिएको छ । कहिँ पनि त्रुटिहरु नहोस् भन्ने उद्देश्यले सकेसम्म मेहनत गरेको छु । अध्ययनको क्रममा आफ्नो अमूल्य समय दिई आवश्यक सल्लाह, सुझाव, निर्देशन, हौसला र मार्गनिर्देशन गर्नुहुने मेरा आन्तरिक शोध निर्देशक आदरणीय गुरु श्री विमल नेपालज्यू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । यसैगरी यस सोधपत्र लेखनको क्रममा विच विचमा थप सल्लाह र सुझाव दिइ मुर्त रुप दिन सहयोग गर्नुहुने यस क्याम्पसका उपप्रध्यापक श्री टोलनाथ काफ्लेज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।  यसैगरी यस सोधपत्रको टिप्पणी र सन्दर्भग्रन्थ सूचिमा उल्लेखित विद्धान, लेखक, सम्पादक र प्रकाशकलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनको क्रममा आवश्यक तथ्यांक उपलब्ध गराई सहयोग गर्नुहुने अध्ययन क्षेत्रका जिल्ला शिक्षा अधिकारी, योजना अधिकृत, प्राविधिक सहायक, जिल्लाका २ वटै स्रोतकेन्द्रको स्रोतव्यक्तिहरु, र ८ वटा विद्यालयका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, र अभिभावकहरुलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । यस अध्ययनका लागि आवश्यक स्रोतहरु उपलब्ध गराउन सहयोग पुर्‍याउने श्री जे.एस. मुरारका बहुमुखी क्याम्पस लहानका उपप्रध्यापक श्री सजन कुमार साहज्यूलाई धन्यवाद दिन चाहन्छु । मेरो यस अध्ययनलाई यो अवस्थासम्म ल्याउन सहयोग पुर्‍याउने आदरणीय आमा, दाजु, भाउजु, जीवन संगिनी गिता कुमारी शाह र उनकी बहिनी शान्ति शाह लगायत कम्प्युटर टाइप र सेटिगं कार्यमा सहयोग गर्ने अरुण कुमार साह तथा नेहा कम्प्युटर्स इटहरी-५ का रञ्जना अधिकारीलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

राम औतार साह

एम.एड.दोस्रो वर्ष

# शोधसार

*प्रस्तुत अध्ययन **विद्यालय सुधार योजना कार्यान्वयन** विषयमा तयार गरिएको हो । यस अध्ययनको मुख्य उद्धेश्य सामुदायिक विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था पहिचान तथा कार्यान्वयन प्रक्रियमा सरोकारवालाहरुको वास्तविक सहभागिता खोजी गर्नु रहेको छ ।*

*यो अनुसन्धान परिणात्मक र गुणात्मक ढाँचामा आधारित छ । यस अनुसन्धानको क्रममा विद्यालयको विद्यालय सुधार योजनाको कार्यानवयनको अवस्थामा सम्वन्धित आवश्यक तथ्यांकहरु जुटाउन प्राथमिक स्रोतहरु अर्न्तगत पर्ने प्रश्नावली, छलफल, अवलोकन फाराम जस्ता साधनहरुको प्रयोग गरिएको छ । यसैगरी द्धितीय स्रोतको तथ्यांक प्राप्तीका लागि बिद्यालयसंग सम्बन्धित प्रतिवेदनहरुको आधारमा संकलन गरियो । यसरी प्राप्त तथ्यांकलाई विभिन्न तालिका, अवलोकन फाराममा उल्लेख गरिएको छ । यी परिणात्मक तथ्यांकलाई गुण र बिशेषताको आधारमा ब्याख्या विश्लेषण गरिएको छ । तसर्थ यो अनुसन्धान मिश्रीत ढाँचामा आधारीत रहेको छ । अनुसन्धानको क्रममा विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयनको लागि निषकर्श र सुझावहरु प्रस्तुत गरिएको छ । सुझावहरु प्रस्तुतिको क्रममा नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका सुझवहरु प्रस्तुत गरिएको छ ।*

*तथ्यांक संकलनको क्रममा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरेर उहाँले दिनुभएको समय तालिका अनुसार तोकिएको स्थानमा गई प्रश्नावली, अन्तर्वार्ता, छलफलको आधारमा तथ्यांक संकलन गरिएको छ । अन्तर्वार्ता प्रशनावली शिक्षक, अभिभावक, वि. ब्य.स. अध्यक्ष, प्रधानाध्यापक, विद्यार्थी , स्रोत ब्यक्ति र जिल्ला शिक्षा कार्यालयका पद्धाधिकारीहरुको तयार गरिएको छ । अध्ययनको जनसंख्या तथा नमुना छनौट गर्ने क्रममा प्रधानाध्यापक, स्रोत ब्यक्ति र विद्यालय ब्यबस्थापन समितिका प्रतिनिधिहरुलाई उद्देश्यमुलक तरिकावाट धनौट गरिएको छ भन्ने विद्यार्थी र अभिभावकहरुलाई सम्भाब्यतामूलक छनौट विधिवाट गरिएका हो । यसैगरी शिक्षक/शिक्षिका र विद्यालयको छनौट गोलाप्रथा विधिवाट गरिएको छ ।*

*शैक्षिक बिकेन्द्रीकरणको प्रयासस्वरुप स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय स्तरमै उपलब्ध स्रोत साधनहरुको अधिक पहिचान, परिचालन र प्रयोग गरेर सहभागितामूलक विधिवाट विद्यालय सुधार योजनाको कार्यान्वयन गर्ने प्रक्रियाको थालनी गरेको छ । विद्यालयको सुधार र विकासका*

लागि विद्यालय स्वयम् चिन्तनशील, प्रयत्नशील, जिम्मेवार र जवाफदेहीता बन्नु पर्दछ भन्ने भावना यस प्रक्रियाले जागृत गर्न खोजेको छ ।

सोध अध्ययनले पुष्टी गरे अनुसार सिरहा जिल्लाका सामुदायिक विद्यालयरु मुख्यतः पर्याप्त शिक्षक दरवन्दी र उपर्यूक्त र भौतिक पुर्वाधारका अभाव रहेका छन् । यि नै समस्याहरुको सम्बोधनार्थ निर्माण गरिएका विद्यालय सुधार योजनाहरु कार्यान्वियनको छेउछाउसम्म पुग्न सकेको छैनन् । किन भन्दा विद्यालय सुधार योजना निर्माणको आदेश गर्नेले योजना निर्माण गर्नका लागि आवश्यक उपर्यूक्त बातावरण (आधारभुत शिप मुलक तालिम) आबश्यक आर्थिक, भौतिक स्रोतसाधन र प्राविधिक सेवा दिन सक्ने, योजना निर्माणमा डट्ने ब्यक्ति अर्थात समुहले योजनाको आवश्यकता, उपादेयता र औचित्य के चिन्न सकेन । योजना निर्माण र कार्यान्वियनको पक्रियामा आफ्नो संलग्नता, जिम्मेवारी र जबाफदेहीता निर्माणमा सम्बद्ध पक्षहरुले बोध गर्न सकेन । अन्ततः कार्यान्वियन पक्ष कमजोर सावित भयो ।

योजना कार्यान्वियनको पक्षमा सरोकारवालाहरुको ब्यापक सहभागीता, योजना निर्माणका विभिन्न चरणहरुमा छलफल, वहस, आवश्यकता समस्या र चुनौतिहरुको वस्तुगत आधारमा प्रथमिकीकरण, प्रयाप्त श्रोतको पहिचान र प्रयोग, योजना सँगै प्रन्यक्ष, अप्रत्यक्ष रुपमा सम्बन्धित बिभिन्न ब्यक्ति निकाय र संस्थाहरुबीच समन्वयमा मुख्य जोड दिनु पर्ने देखिन्छ । निश्कर्षमा  विद्यालय सुधार योजनाको उद्देश्य र कार्यान्वियनको अवस्था सफल हुने विश्वास गर्न सकिन्छ ।

## विषयसूची


| | |
|---|---|
| | पृष्ठ |
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञताज्ञापन | ग |
| शोधसार | घ-ङ |
| शंङिक्षप्त शब्दावली | च |
| परिच्छेद एक : परिचय | १ -९ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरु | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ अध्ययनका परिसीमाहरु | ८ |
| परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | १०-१९ |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३ पुनरावलोकनको उपादेयता | १८ |

परिच्छेद : तीन अध्ययन विधि एवम् प्रक्रिया २०-२५

३.१ अनुसन्धानको ढाँचा २०

३.२ जनसंख्या र नमूना २१

३.३ तथ्याङ्क संकलनका औजारहरु २३

३.४ तथ्याङ्कको स्रोत २४

३.५ तथ्याङ्क संकलन विधि २४

३.६तथ्याङ्क विश्लेषण विधि २५

परिच्छेद चार : नतिजाको छलफल २६-५०

४.१ विद्यालय सुद्यार योजनाको कार्यान्वियन अवस्था २६

४.२ विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरुको सहभागिता ३५

४.३ विद्यालय सुधार योजना कायान्वयनका तहमा आईपरेका समस्याहरु ३९

४.४ विद्यालय सुधार कार्यन्वयन समस्याको समाधानका उपायहरु ४१

परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु ५१-५४

५.१ निष्कर्ष ५१

५.२ सुझाव ५२

५.२.१ नीतिगत तह ५२

५.२.२ अभ्यास तह ५३

५.२.३ अनुसन्धान तह ५४

सन्दर्भसामग्रीहरु

अनुसूचीहरू

# सङ्क्षिप्त शव्दावली

| | |
|---|---|
| वि.ब्य.स. | - विद्यालय ब्यवस्थापन समिति |
| प.अ. | - प्रधानाध्यापक |
| जि.शि.का. | - जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | - जिल्ला शिक्षा अधिकारी |
| स.शि. | - साहायक शिक्षक |
| गा.वि.स. | - गाउँ विकास समिति |
| जि.वि.स. | - जिल्ला विकास समिति |
| त्रि.वि. | - त्रिभुवन बिश्वविद्यालय |
| वि.सु.य. | - विद्यालय सुधार योजना |
| प्र.वि. | - प्रायमिक विद्यालय |
| नि.मा.बि. | - निम्न माध्यमिक विद्यालय |
| शि.अ. संघ | - शिक्षक अभिभावक संघ |
| मा.वि. | - माध्यमिक विद्यालय |
| यो. अ. | - योजना अधिकृत |
| क्षे शि. नि. | - क्षेत्रीय शिक्षा निर्देशनालय |
| पा.वि.के. | - पाठ्यक्रम विकास केन्द्र |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भए पश्चात् प्रजातान्त्रिक मूल्य मान्यताको विकास क्रमसँगसँगै समग्र क्षेत्रको विकास निर्माण कार्यलाई योजनावद्ध ढंगले अगाडि बढाउने प्रयत्न भएको पाइन्छ । वि.सं. २०११ सालमा गठित राष्ट्रिय शिक्षा योजना आयोगलाई यसको ज्वलन्त नमूना मान्न सकिन्छ । यसले सर्वप्रथम शैक्षिक विकास प्रक्रियालाई सरोकारवाला स्थानीय समुदायको सहभागीता र संलग्नतामा योजनावद्ध ढंगले अघि बढाउने प्रयास गरेको देखिन्छ । यस आयोगले वि.सं. २०११ सालमा 'नेपालमा शिक्षा' नामक प्रतिवेदन पेश गऱ्यो । जसमा निरंकुश जहाँनिया राणाशासनले सर्वसाधारण नेपाली जनताका छोराछोरीलाई सरल र सहज ढंगले शिक्षा प्राप्त गर्न नपाऊन भन्ने हेतुले शैक्षिक संस्थाका स्थापना र विकासमा गरेको नियन्त्रण र नियोजनलाई खुकुलो पार्दै सर्वसाधारणका छोराछोरीले सहज र सर्वसुलभरुपमा शिक्षा प्राप्त गर्न पाउने व्यवस्था गरियो । तत् पश्चात स्थानीय स्तरमा विद्यालयको व्यवस्थापन र संचालन गराउन उत्प्रेरित गरियो (नेपालमा शिक्षा आयोगका प्रतिवेदन, २०५८) ।

नेपालमा शिक्षा आयोजना प्रतिवेदन अनुसार वि.सं. २०१३ सालदेखि लागु गरिएको योजनावद्ध विकासको अवधारणाले पनि शैक्षिक योजनाको निर्माण र कार्यान्वयनमा जोड दिदै स्थानीय स्तरमा योजना निर्माण र कार्यान्वयनको अभ्यास सुरुवात गरायो । समय सापेक्ष ढंगले शैक्षिक विकास प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउन विभिन्न समयमा विभिन्न आयोगहरू निर्माण भई प्रतिवेदन प्रस्तुत गरियो । जसमध्ये सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ र नयाँ राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले शैक्षिक योजना निर्माणको प्रक्रियालाई केन्द्रिकृत गर्दै शैक्षिक योजना निर्माण प्रक्रियामा स्थानीय समुदाय र सरोकारवालाहरूको भूमिकालाई उपेक्षा गर्न खोज्यो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन २०५८ ले शैक्षिक योजना निर्माणको प्रक्रियालाई विकेन्द्रित गरी जिल्ला, गा.वि.स. र विद्यालय स्तरसम्म शैक्षिक योजना निर्माणको अभ्यास प्रारम्भ गरेर सरोकारवालाहरूको योजना निर्माण क्षमतामा दक्षता अभिवृद्धि गर्नुका साथै योजना कार्यान्वयन गर्नेहरूलाई नै योजना निर्माण कार्यमा संलग्न गराउने प्रयास गराउन खोजेको देखिन्छ ।

विकेन्द्रिकरणको प्रारम्भ प्रजातान्त्रिक शासन पद्धतिको सुरुवातसँगसँगै भएको पाइन्छ । प्रजातन्त्रको संस्थागत विकास र प्रर्वद्धनमा विकेन्द्रीकरणले महत्वपूर्ण योगदान गरेको हुन्छ । बढ्दो जनसंख्या,

समयसापेक्ष रुपमा बदलिएको र बढेका जनताका आवश्यकता, चाहना र आकांक्षाहरूलाई सही ढंगले सम्बोधन गर्नु लोकतान्त्रिक राज्य व्यवस्थाको दायित्व हुनजान्छ । जनताप्रतिको आफ्नो यहि दायित्वलाई पूरा गर्न लोकतान्त्रिक राज्य व्यवस्थाले विकेन्द्रीकरणको सहयोग लिइरहेको हुन्छ ।

विकेन्द्रीकरण जनताका बढ्दा आवश्यकता र चाहनाहरूलाई परिपूर्ति गर्न विकास योजनाहरूलाई निर्माण र कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ । विकास योजना निर्माणको सुरुवातमा केन्द्रीय राज्यबाट योजनाहरूको निर्माण र कार्यान्वयन गर्ने प्रचलन रहेको थियो । विस्तारै विश्वमा हुन गएको प्रजातन्त्रको विकास अनुरुप जनताप्रति जिम्मेवार एवं जवाफदेही सरकारले केन्द्रीय स्तरमा निर्माण हुने योजनामा वास्तविक रुपमा स्थानीय स्तरको समस्याहरूलाई उचित ढंगले सम्बोधन गर्न नसकेको महशुस गऱ्यो । फलतः विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय स्तरमा योजना निर्माण र कार्यान्वयनमा जोड दिइयो । यसको प्रभाव पनि नेपालमा पर्न गयो । परिणामतः सन् १९७० देखि राष्ट्रिय स्तरमा तयार गरिने योजनाले स्थानीय आवश्यकता पूरा गर्न नसक्ने महशुस गरी स्थानीय स्तरमा योजना निर्माणको अवधारणा कार्यान्वयन गर्न थालियो । खास गरी सन् १९९० देखि स्थानीय स्तरमा निर्माण गरिने योजनामा स्थानीय समुदाय र नागरिक समाजको संलग्नतालाई अनिवार्य एवं अपरिहार्य महशुस गरियो । यस किसिमको योजनामा स्थानीय आवश्यकता र समस्याहरूको सहि सम्बोधन, जनताको आवाजको उचित सम्मान, स्थानीय सीप, क्षमता र स्रोतको सही परिचालन र प्रयोग गरिने व्यवस्था गरिएको हुन्छ ।

नेपालको सन्दर्भमा विकेन्द्रीकरणलाई संवैधानिक मान्यता भने २०१९ सालको पञ्चायती संविधानबाट भएको मानिन्छ । यसको प्रस्तावनामै नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हीत र समुन्नतीका निमित्त लोक सम्मती अनुकूल शासन व्यवस्था चलाउन बाञ्छनीय भएको र त्यस्तो परम्परा जनजीवनमा आधारित राष्ट्रिय परम्परा र प्रतिभा सुहाउँदो, तलदेखि सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने पञ्चायती प्रणालीबाट सम्भव छ भन्ने कुरा उल्लेख गरिएको पाइन्छ (कोइराला, २०६२) ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र सो सम्बन्धी नियमावली २०५६ मा विकेन्द्रीकरणको मर्म र भावनामा राम्ररी प्रतिनिधित्व हुन गई स्थानीय स्तरमा योजना निर्माण र कार्यान्वयनमा बढवा हुन पुगेको देखिन्छ । जस अनुसार जिल्ला र गा.वि.स स्तरमा विभिन्न कुल ५ समिति रहेका छन् । जसमा जनसंख्या तथा सामाजिक समितिले स्थानीय स्तरमा विषयगत निकायहरूलाई योजना निर्माण गरी कार्यान्वयन गर्न जोड दिएको पाइन्छ । गा.वि.स. स्तरमा यही समितिले मातहतका

विभिनन विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण गरी गा.वि.स. मा पेश गर्न सहजीकरण गरेको छ भने जिल्ला स्तरमा जि.वि.स. अन्तर्गत रहेको यस समितिले विषयगत निकाय जिल्ला शिक्षा कार्यालयलाई जिल्ला शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा सहजीकरण गरेको देखिन्छ । योजना निर्माण सम्बन्धि यिनै अनुभवहरूबाट पुष्टि भएको छ- वैयक्तिक, सामाजिक, शैक्षिक मागहरूको परिपूर्ति गर्न शैक्षिक निर्णय प्रक्रियामा व्यापक रुपमा सरोकारवालाहरूको सहभागिता तथा शिक्षा प्रणालीमा सक्षमता अभिवृद्धि गर्न विकेन्द्रीकरण एउटा सशक्त माध्यम सावित हुने कुरामा दुइमत छैन (स्थानीय स्वायत्त शासन नियमावली २०५६) ।

विद्यालय तहको शिक्षालाई सर्वसुलभ बनाई यसमा सबै वर्ग क्षेत्र र समूहको पहुँच अभिवृद्धि गरेर विद्यालय तहको शिक्षमा गुणस्तर अभिवृद्धि गर्न र राष्ट्रिय शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन तहमा पुऱ्याउन नेपालमा विभिन्न अन्तर्राष्ट्रिय दातृसंस्थाहरूको सहयोगमा विभिन्न परियोजना एवं कार्यक्रमहरू संचालन हुँदै आएका छन् । जसमध्ये सेती अञ्चलका सबै जिल्लाहरूमा 'सेती परियोजना २०३८' का नामले संचालित परियोजनालाई उल्लेखनीय मान्न सकिन्छ । पछि गएर यसै कार्यक्रमको सफलतालाई सिको गर्दै २०४२ सालमा अधिराज्यका ६ वटा जिल्लाहरूमा प्राथमिक शिक्षा परियोजना लागु गरियो । वि.सं. २०४९ सालमा गएर आधारभूत प्राथमिक शिक्षा परियोजनाका नामबाट अधिराज्यका ४० वटा जिल्लाहरूमा कार्यक्रमको विस्तार गरियो । आ.व. २०५६/५७ मा आएर आधारभूत प्राथमिक शिक्षा परियोजना दोस्रो चरणका नामबाट अधिराज्यका सबै जिल्लामा यो कार्यक्रम लागु गरियो । यसले विकेन्द्रकरणको अवधारणालाई आत्मसाथ गर्दै स्थापित शैक्षिक संघ-संस्थाहरूलाई सहज, सक्षम र सुदृढ गर्दै आत्मनिर्भर बनाउन पहुँच, शैक्षिक गुणस्तर र व्यवस्थापन जस्ता तीन महत्वपूर्ण कुरामा जोड दियो (विद्यालय सुधार योजना सहयोगी पुस्तिका, २०६१) ।

आधारभूत प्राथमिक शिक्षा परियोजना दोस्रो चरणले विकेन्द्रीकरणमा जोड दिदै विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन समबन्धी प्रतिवेदन २०५३ को अवधारणालाई आत्मसाथ गर्दै स्थानीय स्रोतसाधन र आवश्यकतालाई अपेक्षा गर्दै निर्माण हुने केन्द्रिकृत योजना अन्ततः कार्यान्वयन तहमा असफल हुने हुँदा स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरेर स्थानीय स्तरमा योजना निर्माण गरी कार्यान्वयन गर्दा प्रभावकारी रुपमा कार्यान्वयन हुन गई शैक्षिक गुणस्तर, पहुँच र व्यवस्थापनकीय क्षमता अभिवृद्धि भईजाने तथ्यमा जोड दिएको छ । यसले स्थानीय समुदाय र सरोकारवालहरूको सक्रिय सहभागीतामा जिल्लास्तरमा जिल्ला शिक्षा योजना, गा.वि.स. स्तरमा

गाउँ शिक्षा योजना र विद्यालय तहमा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अवधारणा अघि सारेको छ ।

आधारभूत प्राथमिक शिक्षाको दोस्रो चरण लागु भए पशचात विद्यालय सुधार योजना निर्माण कार्यले प्रश्रय पाएको देखिन्छ । स्थानीय सरोकारवालाहरूको योजना निर्माणमा क्षमता अभिवृद्धि गर्ने अभिप्रायले यस कार्यक्रमको सुरुवात गरिएको हा । शिक्षा विभाग सानो ठिमी भक्तपुरद्वारा २०६१ सालमा प्रकाशित विद्यालय सुधार योजना पुस्तिकामा विद्यालय सुधार योजनाको परिभाषा यस प्रकार गरिएको छ - “विद्यालय सुधार योजना भनेको विद्यालय तहमा बनाइने ५ वर्षे योजना हो । यसले विद्यालयको भावी कार्यदिशा निर्देश गर्दछ । यो योजना विद्यालयका सरोकारवालाहरू, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदधिकारहिर, अभिभावक, स्थानीय संघ-संस्था र विद्यार्थी समेतको सक्रिय सहभागीतामा निर्माण गरिएको हुन्छ ।” यसरी सरोकारवालाहरूको भेलाबाट विद्यालयको वर्तमान अवस्थाको पहिचान गरी आगामी दिनमा आफ्नो विद्यालयलाई के-कस्तो बनाउने ? कसरी बनाउने ? कहिलेसम्म उक्त लक्ष्य प्राप्त गर्ने ? जस्ता विषयमा आपसमा छलफल तथा समन्वय गरी बनाएको योजना विद्यालय सुधार योजना हो ।” अर्को शब्दमा विद्यालयको निर्मित योजनाको अनुगमन निरीक्षणमा सहभागी गराउनु विद्यालय सुधार योजनाको उद्देश्य हो । विद्यालयको दिगो विकास गर्न योजना र निर्माण, कार्यान्वयन र अनुगमन जस्ता तिनै तहमा सरोकारवालाहरूको सक्रिय सहभागीतालाई अधिकाधिक जोड दिई योजनाको प्रभावकारीता कार्यान्वयनबाट अपेक्षित उपलब्धी प्राप्त गर्ने सोच विद्यालय सुधार योजनाले लिएको हुन्छ । यसबाट बदलिँदो परिस्थितिमा विद्यालयलाई साधनस्रोत सम्पन्न बनाई शिक्षामा विद्यार्थीउहरूको पहुँच बढाउन, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र विद्यालयको व्यवस्थापकीय क्षमतामा सुधार गर्न सहयोग पुग्दछ । विद्यालय सुधार योजनाले विद्यालयको भौतिक निर्माणको पाटोलाई मात्र नभई शैक्षिक सुधार लगायत विद्यालयको समग्र विकासमा योगदान गरी विद्यालयको आन्तरिक र बाह्य कुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गर्दै उच्च सिकाइ उपलब्धी प्राप्त गर्न सघाउ पुऱ्याउँछ । साथै विद्यालयको शैक्षिक क्षति न्यून गर्दै शैक्षिक सक्षमतामा सुधार ल्याउन विद्यालयले अपनाउनु पर्ने कार्यक्रम र रणनीति तर्जुमा गरी अघि बढ्नु नै विद्यालय सुधार योजना हो ।

यसप्रकार विद्यालय सुधार योजना विद्यालयको समग्र विकासको योजना मात्र नभई विद्यालयप्रति आम समुदाय शिक्षक, विद्यार्थी र सरोकारवालाहरूमा अपनत्वको भावना विकास गराउने संयन्त्र पनि हो । विकेन्द्रीकरणको आवधारणा अनुसार स्थानीय तहमा योजना निर्माण सम्बन्धी सीप र

दक्षता अभिवृद्धि गराउने माध्यम पनि हो । स्थानीय आवश्यकता, समस्या र चाहनाहरूलाई सम्बोधन गर्दै वस्तुगत योजना निर्माण गरेर कार्यान्वयन प्रक्रियामा प्रभावकारिता अभिवृद्धि गर्ने उपाय हो । जसले स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी उच्चतम प्रतिफल प्राप्त गर्ने अपेक्षा गरेको हुन्छ ।

यस परिप्रेक्ष्यमा स्थानीय तहको क्षमता अभिवृद्धि गरी विद्यालयको सर्वाङ्गीण विकासको पकिल्पना सहित चरणवद्ध रुपमा लागु गरिएको विद्यालय सुधार योजना कार्यक्रमले शैक्षिक गुणस्तर, पहुँच र व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने आसय राखेको पाइन्छ । सबैका लागि शिक्षा अन्तर्गतको कम्पोनेन्ट नं. ५ मा गुणस्तरीय शिक्षाको सबै पक्षको अभिवृद्धि अन्तर्गत पर्ने विद्यालय सुधार योजना कार्यक्रम सबैभन्दा महत्वपूर्ण कार्यक्रमको रुपमा रहन पुगेको छ ।

यसरी शिक्षामा विकेन्द्रीकरणलाई मूर्तरुप दिन प्रदान गर्नका लागि विद्यालय सुधार योजनाको निर्माण गरी कार्यान्बयनका ल्याईएको छ । विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था विश्लेषण गरी ठोस सुझाव प्रदान गर्न यो अध्ययन गरिएको हो ।

### १.२ समस्याको कथन

विद्यालय शिक्षा कार्यक्रममा गरिएको प्रचुर लगानीका बाबजुत पनि शैक्षिक उपलब्धी अपेक्षित हुन सकेको छैन । शैक्षिक उपलब्धि आपेक्षित हुन नसक्नुमा विद्यालयको भौतिक र शैक्षिक वातावरण प्रमुख रुपमा जिम्मेवार रहन गएको छ । शैक्षिक सक्षमताको अभिवृद्धि गर्न सरकारी र गैरसरकारी संघ संस्थाहरूबाट प्रचुर लगानी भइरहेको छ । शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धि गर्ने सवालमा होस्, यात संस्थागत कार्य, कुशलता बढाउने प्रयासमै किन नहोस् ठूलो साधन स्रोतको लगानी भइरहेको अवस्था छ । विभिन्न दातृ निकायको सहयोगमा सेती परियोजनादेखि सबैका लागि शिक्षा कार्यक्रमसम्मका बहुचर्चित कार्यक्रमहरू शैक्षिक विकासको क्षेत्रमा संचालित भई आएका छन् । यद्यपि शैक्षिक उपलब्धी बढ्न सकेको छैन । विद्यालयहरूको शैक्षिक भौतिक पूर्वाधारको विकास यथोचित रुपमा हुन सकेको पाइदैन । दिनानुदिन विद्यायलप्रतिको समुदायको सहयोग र सदभाव घट्दो छ । शिक्षक कर्मचारीहरूको मनोवल गिर्दो छ । यी सबैको कारक तत्व हो विद्यालयको कमजोर शैक्षिक उपलब्धी र खस्कदो शैक्षिक गुणस्तरको अवस्था हो । यस्तो परिप्रेक्ष्यमा विद्यालयको सर्वाङ्गीण विकासको परिकल्पना सहित मुलुकव्यापी रुपमा लागु गरिएको विद्यालय सुधार योजनाको निर्माण प्रक्रिया सहभागीतामूलक ढंगले हुन सकेको छ छैन ? निर्मित विद्यालय सुधार योजनाले सरोकारवालाहरूका आवश्यकता समेट्न सकेको छ छैन ?

विद्यालय सुधार योजनाले स्थानीय स्रोत साधनको परिचालन र प्रयोगमा पर्याप्त ध्यान पुऱ्याउन सकेको छ छैन ? ध्यान पुऱ्याउन नसकेको भए नसक्नुका कारणहरू के के हुन ? विद्यालय सुधार योजनामा परिलक्षित कार्यक्रमहरूका लागि आवश्यक बजेट जुटाउन सकिएको छ छैन ? विद्यालय सुधार योजनाको आवधिक समीक्षा हुन सके नसकेको तथा विद्यालय सुधार योजना कार्यान्वयन प्रभावकारी ढंगले भए नभएको ? कार्यान्वयनका सरोकारवालाहरूको सहभागिता के छ ? आदि प्रश्नहरूको उत्तर खोजी गर्ने अभिप्रायले यो अध्ययन गर्न खोजिएको छ ।

### १.३ अध्ययनको औचित्य

राष्ट्र विद्यालय सुधार योजना कार्यक्रमको कार्यान्वयनको प्रचुर साधन र स्रोत लगानी गरी सबैको ध्यान यसै कार्यक्रममा रहन गएको परिप्रेक्षमा विद्यालय सुधार योजना निर्माणको विधि प्रक्रियाको अध्ययन गरी उक्त योजना निर्माणमा आईपरेका समस्याहरू कार्यान्वयन तहमा देखिएका जटिलताहरू पहिचान गरी सहि निदान गर्नु पर्ने हुन्छ । खासगरी योजना निर्माण र कार्यान्वयन प्रक्रिया बीच रहेको खाडलले योजनाको कार्यान्वयन पक्ष निष्प्रभावी बनाउने छ । यस सम्बन्धमा कहाँनेर के कस्तो खाडलहरू रहेका छन् ? ती खाडल के कारणले सिर्जना भएका हुन् ? ती खाडल कम गर्ने उपायहरू के-के हुन सक्छन् ? खोजी, गरी समाधानका उपायहरू प्रस्तुत गर्नाले सरोकारवालाहरूलाई योजना निर्माणमा देखिएका कमीकमजोरीहरू पहिचान गरी सुधार गर्ने दिशामा यस अध्ययनबाट पर्याप्त सहयोग पुग्न जानेछ ।

समस्याहरूको सामान्यीकरण गर्दै लैजादा स्थानीय जनशक्तिहरूको कार्यदक्षता र क्षमता अभिवृद्धि गर्न सकिन्छ । विद्यालयको शैक्षिक भौतिक गुणस्तर अभिवृद्धि गर्न सरोकारवालाहरूको सहभागीता चाहिने तथ्य प्रष्ट पार्न सकिन्छ । विद्यालय समुदायका लागि हो भन्ने भावनाको विकास गर्दै विद्यालय व्यवस्थापनका लाग केन्द्रीय निकाय वा माथिल्लो निकायमा निर्भर रहने परिपाटीलाई कम गराउनका लागि र विद्यालयले सामना गर्नु परेका समस्याहरू समाधान गर्नका लागि स्थानीय साधन स्रोतको अधिकतम परिचालन गराउन सम्बन्धित क्षेत्रका व्यक्तिलाई महशुस गराउन सकिन्छ । स्थानीय निकायललाई महत्व दिने कार्यक्रमलाई जोड दिई विकेन्द्रीकरणको मर्म र भावनालई बढावा दिन मद्दत पुग्दछ । दिनानुदिन विद्यालय र समुदायको दुरी बढीरहेको अवस्थामा विद्यालयको योजना निर्माण, कार्यान्वयन र अनुगमन चरणमा समुदायका सदस्याहरू एवं अभिभावकहरूको सहभागिता र संलग्नतालाई जोड दिँदै कार्यक्रमको निर्माण र कार्यान्वयन गर्दा विद्यालयप्रति अभिभावक र समुदायको चासो, जिम्मेवारी, उत्तरदायित्व, जवाफदेहीता र कर्तव्यवोधमा अभिवृद्धि हुन गई सघाउ

पुग्दछ । विद्यालयको शैक्षिक-भौतिक सुविधा विस्तार लगायत विद्यालयलाई विभिन्न अवस्थामा आवश्यक पर्ने स्रोत साधन एवं प्राविधिक सहयोग जुटाउनमा समेत विद्यालय सुधार योजना सहयोगी साधन हुन पुग्दछ । साथै स्थानीय स्तरमा उपलब्ध तमाम स्रोत साधनहरूको प्रयोग र परिचालन र पहिचान गरी विद्यालयलाई आवश्यक दिगो आर्थिक एवं मानवीय स्रोत साधनको आपूर्ति गरी विद्यालयको आफ्नै स्रोत साधन जुटाउन समेत सहयोग पुऱ्याउने हेतुले यस अध्ययन विषयको छनौट गरिएको छ ।

यस विषयमा गरिएको शोध अध्ययनको निष्कर्षले निश्चय नै विद्यालय सुधार योजना निर्माणको क्रममा कहाँ-कहाँ के-कस्ता कमी कमजोरीहरू हुन गएका छन् ? सोको वास्तविक अध्ययन, विश्लेषण र पहिचान गरी ती कमी कमजोरीहरू आगामी योजना निर्माण प्रक्रियामा दोहोरिहन नदिन आवश्यक उपायहरू सुझावहरू दिईएको छ । योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको सक्रिय सहभागिता र संलग्नताको महत्ववोध गराई सहभागीतामूलक विधिबाट भावी योजनाहरू निर्माण गर्न आवश्यक सुझाव प्रस्तुत गरेको छ । साथै यस अध्ययनले निर्मित योजना कहाँ पुगे पछि किन निश्प्रभावी बन्दछ अर्थात् कार्यान्वयन तहमा योजना प्रभावकारी किन हुन सक्दैन भन्ने विषयमा गहन निष्कर्ष निकाली योजनाका कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन आवश्यक उपायहरू पहिल्याइएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यरु देहाय अनुसार राखिएका छन् :

क. विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था पहिचान गर्नु ।

ख. विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको वास्तविक सहभागीताको अध्ययन गर्नु ।

ग. विद्यालय सुधार योजनाको कार्यान्वयन तहमा आइपरेका समस्याहरू पहिचान गरी समस्या समाधानका उपयुक्त उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस शोध अध्ययनका उद्देश्यहरू पूरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू समावेश गरी यिनै प्रश्नहरूको उत्तरमा शोध अध्ययनलाई केन्द्रित गरिएको थियो ।

क. विद्यालय सुधार योजनाको कार्यान्वयनको वास्वविक स्थिति कस्तो रहेको छ ?

ख. सरोकारवालाहरूलाई विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरू कसरी सहभागी भैरहेका छन् ?

ग. विद्यालय सुधार योजनाको कार्यान्वयन तहमा आइपरेको चुनौतीहरू के-के हुन् ?

घ. विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनको क्रममा देखिएका समस्याहरू कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन पूर्वाञ्चल विकासक्षेत्रको सिरहा जिल्लाको २ वटा श्रोत केन्द्रहरूका ४/४ वटा विद्यालयहरूमा केन्द्रित रहेको छ। अध्ययनका लागि नमुना विद्यालयहरूको छनोटमा विद्यालय स्तरीकरण, सामाजिक-सांस्कृतिक विविधता, क्षेत्रीयता, विकटमा आदिलाई ध्यान दिदै समावेशीकरण र समानुपातिक पद्धतिलाई आधार बनाइएको छ।

यो अध्ययन विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाको सहभागीता, तथ्याङ्कको संकलन, विश्लेषण तथ्याङ्क संकलनका साधन, स्थानीय, समस्या, आवश्यकता, समस्याहरूको प्राथमिकीकरण, स्थानीय स्रोतसाधनको पहिचान परिचालन सम्बन्धमा योजनाको दृष्टिकोण, वजेट र कार्यक्रममा केन्द्रित रहेको छ। साथै निर्मित योजनाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयले गरेका प्रयत्न, कार्यान्वयनको अवस्था र कार्यान्वयन तहमा देखिएका कमीकमजोरीहरू सम्बन्धमा समेत अध्ययन केन्द्रित रहेको छ।

बुँदागत रुपमा यस अध्ययनको सीमाङ्कन निम्न अनुसार गरिएको थियो।

यो अध्ययन विद्यालय सुधार योजनाको कार्यान्वयनमा केन्द्रित रहेको छ।

यो अध्ययन जि.शि.का. सिरहा, मातहतका २ वटा स्रोतकेन्द्र र ती स्रोतकेन्द्र अन्तर्गतका ४/४ वटा विद्यालयहरूमा गरिएको छ ।

योजना निर्माण र कार्यान्वयन विषयमा जि.शि.अ १ जना, शा.अ. १ जना, स्रोतव्यक्ति २ जना, प्र.अ. ८ जना, वि.ब्य.स. अध्यक्ष ८ जना, शिक्षक ८ जना, अभिभावक ८ जना, विद्यार्थी ८ जना

गरी कूल ४५ जनासँग प्रश्नावली र अन्तर्वार्ता मार्फत विद्यालय सुधार योजना कार्यान्वयन सम्बन्धमा विचार, राय, सुझाव, एवं तथ्यांक  संकलन गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि समस्याको सामाधान गर्न गरिने अध्ययनको लागि त्यस विषय वा समस्यासंग मेल खाने सिद्धान्त, सम्बन्धित साहित्य, लेख रचना तथा अनुसन्धान प्रतिवेदनहरूको पुनः अध्ययन गर्नुपर्दछ । यसले समस्या सामाधानका लागि के कस्ता विकल्पहरूको खोजी हुने बाँकी समस्याको वारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान हुन्छ । एउटै विषय वा समस्याका खोजी कार्य दोहोरिन नदिन नयाँ- नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि सोधकर्ताले सम्बन्धित सिद्धन्त तथा पुर्व साहित्यको अध्ययन गर्न आवश्यक छ ।

## २.१ सम्बन्धित साहित्यको पुनराबलोकन

यस सम्बन्धित साहित्यको पुनरावलोकनबाट शोध अध्ययनकर्तालाई शोध अध्ययनको विषयको गहनता र महत्ववोध गर्न सहयोग पुग्दछ । यस कार्यले शोध अध्ययनको विषयमा यस अघि पर्याप्त अध्ययन भइसकेको भए सो सम्बन्धमा जानकारी गराएर अध्ययनकर्तालाई अर्को विषयमा शोध अध्ययन गर्न निर्देशन प्रदान गर्दछ । जसबाट खर्च र समयको वरवादीलाई रोकथाम गर्नुको साथै दोहोरोपना हटाउन सहयोग गर्दछ ।

शिक्षाका जनसहभागिता र शैक्षिक क्षेत्रमा सार्वजनिक लगानी सम्बन्धि उपाध्याय र पाण्डेले उल्लेख गरिएको निश्कर्षको आधारमा शिक्षा क्षेत्रमा जवसम्म विद्यालयको सरोकारवाला पक्षहरू ब्यबस्थापन कार्य तर्फ समान रुपमा सक्रिय सहभाति हदैन तवसम्म कुनै पनि ब्यवस्थापन पक्षका कार्यहरू गुणस्तरीय रुपमा कार्यान्वयन गर्न गराउन कठिन हुन्छ । सरकार तर्फवाट दिने गरेको विद्यालय अनुदान रकमहरूको ब्यवस्थित कार्यान्वयन गर्न समुदायको सहभागिता अनिवार्य हुनु पर्दछ । कार्यक्रमप्रति साकारात्मक सोचको विकास गर्नका लागि विद्यालयमा गरिने भेला, बैठकहरूमा सरोकारवाला पक्षलाई सहभागी हुने अवसर आवश्यकता अनुसार दिनुपर्दछ । समस्याहरू सामाधानका लागि प्राप्त सुझाव सल्लाहहरूको तदारुकताको साथ समय सिमाभित्र सम्पन्न गर्नुपर्ने हुन्छ । जसवाट सरोकारवाला पक्षको हौसला विद्यालयको कार्यक्रमप्रति स्वभाविक रुपबाट वढ्न जान्छ । शिक्षा क्षेत्रमा यसले ठुलो धनराशी लगानी गरे तापनि सन्तोषजनक नभएको र शैक्षिक क्षेत्र लगभग निराश हुँदै गैरहेको अवस्थामा शैक्षिक ब्यवस्थापन तर्फ नयाँ शिक्षा ऐन नियमावली ल्याउन खोजेको परिर्वतन बर्तमानमा अर्न्तराष्ट्रिय स्थिति र हाल ध्यान पुर्‍याउनु पर्ने कुराहरूलाई समेत ध्यानमा राख्ने जमर्को गरेको छ । विद्यालयमा सामुहिक उत्साह जागृत हुनुपर्दछ । यति हुन सकेका

विद्यालय व्यवस्थापन पक्ष मजबुत हुन्छ जसको परिणाम स्वरुप स्तरीय शिक्षा पाउन सकिने आशा गर्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ (पौडेल, २०४९) ।

शिक्षा क्षेत्रमा बैदेशिक सहयोगको आफ्नो किसिमको भुमिका भएपनि त्यस्ता बैदेशिक सहयोग आफ्ना परियोजनालाई केन्दीय स्तरबटै मात्र सफल नहुने र त्यसको लागि स्थानिय स्तरवाट पुर्णरुपमा सहयोगको सुरुवात गरे तर त्यसले गन्तवयलाई छुन नसकेको कुरालाई उल्लेख गरेको पाईन्छ ।

उपरोक्त लेख अनुसार सरकारको तर्फवाट प्रत्येक वर्ष कुल वजेटको निश्चित प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्दै आएता पनि सम्वन्धित क्षेत्र वा ठाउँमा न्यून रुपमा पुग्ने गरेको पाईन्छ । यसरी  केन्द्र स्तरको योजना वा सहयोगको भरमा निर्भर रहेर काम गरियो भन्ने चाहेको समयमा याजना सफल हुन सक्दैन । तसर्थ शिक्षासंग सरोकार राख्ने सरोकारवाला पक्षको साथ लिइ अगाडी वढेमा योजनाको कार्यान्वयन पक्ष ब्यवस्थित हुन्छ (वेल्वासे, २०५९) ।

श्रेष्ठ (२०६०) ले सामुदायिक विद्यालयका सरोकारवालाहरूलाई विद्यालयको कार्यक्रममा संलग्नता बढाउने हो भन्ने विद्यालयको वास्तविक समस्या पहिचान गरी समाधान गर्न सहयोग पुग्ने हुन्छ । त्यसैले विद्यालयको प्रचार्यलाई जबसम्म शैक्षिक नेता वनाइदैन तवसम्म रचनात्मक कार्य परिचालन गर्ने प्रमुख भुमिका नप्रधानाध्यापक, सरोकारवालाहरू तथा वि.ब्य. समितिका सदस्यहरूको  हुनेहुदाँ उनिहरूको उत्तरदायित्व बढिरहेको कुरा ब्यक्त गरेको  पाइन्छ ।

राई (२०६२) ले विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनमा आईपरेको समस्या र समाधानका उपायहरू शीर्षकमा गरिएको शोध अध्ययनमा विद्यालय सुधार योजनाको निर्माणका क्रममा आई परेका समस्याहरू पहिचान गरी समाधान उपायहरू पत्ता लगाउनु र विद्यालय सुधार योजनाको कार्यान्वयनमा आईपरेका समस्याहरूको पहिचान गर्नु जस्ता उद्धेश्यहरू राखिएको थियो । यस अध्ययनमा प्राथमिक तथ्याङ्कको तथा जनसंख्या छनौट  तथा तथ्यांकका श्रोतहरू अनुसन्धानको प्रकृति अनुसार तथ्यांक संकलन गरिएको थियो । अध्ययनको साधनहरू अवलोकन, प्रश्नावली, छलफल र अर्न्तवार्ताको माध्यम वाट विश्लेषण गरिएको थियो ।

शोध अध्ययनका निष्कर्षमा लेखिएको छ - विद्यालय सुधार योजनाको निर्माणको समुदाय परिचालनमा सहयोग गरेको, माथिबाट तलको योजना निर्माण गरी कार्यान्वयन गर भन्ने परम्पराको अन्त भएको छ, विद्यालयहरूमा योजना निर्माण गरी कार्यान्वयन गर्ने प्रयासको थालनी भएको छ ।

साथै योजना निर्माणका क्रममा कार्यान्वयनको दिशामा देखिएका समस्याहरू विद्यालय आफैले समाधान गर्न प्रयत्न गर्ने, नसके मात्र उपल्लो निकायलाई झक्झक्याउने कार्यको सुरुवात भएको छ । शोध अध्ययनकर्ताले अध्ययनको निष्कर्षलाई विद्यालय सुधार योजनाका सवल पक्षहरूमा मात्र केन्द्रित गर्नुभएको छ । योजना निर्माणको क्रममा देखिएका ठोस समस्याहरू के हुन् ? तिनीहरूको ठोस समाधान के हो ? योजनाको कार्यान्वयन तहमा रहेका समस्या र तिनको समाधान के ? सो सम्बन्धमा ठोस निचोड निष्कर्ष स्वरुप आउन सक्नुपर्नेमा आउन नसकेको देखिन्छ । यस अध्ययनको सुझावमा 'योजना निर्माण र कार्यान्वयन प्रक्रियामा विभिन्न तह र व्यक्तिहरूको सक्रिय सहभागीता बढाइनु पर्ने, स्थानीय अभिभावक र समुदायलाई विद्यालयको विकास निर्माण कार्यमा अपनत्वको अभावना जागृत गर्दै परिचालन गर्ने । योजना निर्माण र कार्यान्वयन कार्यलाई विकेन्द्रीकरणको सशक्त माध्यमको रुपमा प्रयोग गर्ने प्रत्येक शै.स.को अन्तमा अभिभावक दिवस आयोजना गरी विद्यार्थी प्रगति विवरण सार्वजनिक गर्ने आदि उल्लेख गरिएका छन्  (राई, २०६२) ।

संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक अध्ययन  विषयको शीर्षकमा गरिएको शोध अध्ययनमा अध्ययनका उद्देश्यहरू संस्थागत र सामुदायिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनको अध्ययन गर्ने, संस्थागत र सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन, आर्थिक व्यवस्थापनको प्रभावको विशलेषण गर्ने र  संस्थागत र सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनका समस्या तथा मुद्दाहरू पत्ता लगाउने  जस्ता उद्देश्यहरू रहेका छन् । सम्वन्धित विद्यालयका प्रधानाध्यपाहरू, शिक्षक/शिक्षिकाहरू, अभिभावकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई प्रश्नावली विधीको प्रयोग गराईएको थियो । सोही प्रश्नावलीको आधारमा विद्यालयको व्यवस्थापन पक्षसँग सम्बन्धित समस्याहरू, संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापनका फरकपनहरूको खोज गरिएको छ । निषकर्षमा विद्यालय व्यवसथापन आफैमा जटिल र सामुहिक कार्य हो, एकल प्रयासमा गरिएको व्यवस्थापन कमै मात्रामा सफल भएको पाइन्छ । विद्यालयले समाजको, समयको र लगानीकर्ताको मागलाई पूर्ण रुपमा गर्नुपर्ने दायित्व लिएर अगाडि बढेको हुन्छ ।

विद्यालय समुदायले र सरकारले लगानी गरेको हुन्छ, यस्तो लगानीलाई विद्यालय परिवारले पुरा गर्न सक्नु पर्छ, यस्तो अवस्थामा अभिभावकको लगानीलाई विद्यालयले आंशिक रुपमा भएपनि तत्काल पुरा गर्नुपर्दछ  यसो गर्न सकेमा केही मात्रामा विद्यालय सफल भएको मान्ने मानसिकता हाम्रो समाजमा पाइन्छ । विद्यालयप्रतिको धारणालाई सकारात्क रुपमा विकास गर्नको लागि विद्यालयले आफूमाथिको भूमिकालाई सही अर्थमा पूरा गर्नैपर्ने देखिन्छ । हाम्रो ग्रामिण समुदाय जो आर्थिक

रुपमा कमजोर छ, उनीहरूमाथि सामाजिक दवावछ, निरक्षरता हावी छ, चाहेर पनि बाहिर आउन नसक्ने अवस्था आदि समस्या विद्यमान रहेको पाइन्छ। संस्थागत तथा सामुदायिक विद्यालयको व्यवस्थापनको अध्ययन गर्दा तुलनात्मक रुपमा सामुदायिक विद्यालयको व्यवस्थापन पक्ष दयनीय छ। विद्यालय बाहिरबाट हेर्दा राम्रो छ, ठूलो छ तर विद्यालय भित्रको शैक्षिक स्थिस्ति खस्कदो छ। सामुदायिक विद्यालय जहाँ पुर्ण रुपमा समुदायको सहयोग पाउनु पर्ने थलो हो, त्यस ठाउँमा समूदायको न्यून सहभागीता रहेको पाइन्छ। सोध पत्रमा देखिएका सुझाव अर्न्तगत विद्यालय प्रशासनले खेल्नु पर्ने भूमिकामा विद्यालयको सम्पूर्ण पक्षमा शैक्षिक वातावरणको सृजना गर्नु पर्दछ। विद्यालयको प्रशासकले सम्भव भएसम्म अभिभावकलाई प्रत्यक्षरुपमा भेटी अभिभावकको धारणा बुझ्नु पर्दछ।

विद्यालयमा अभिभावकको सहभागीता वृद्धि गर्नको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ। विद्यालयमा विद्यार्थीको उपस्थितिलाई वृद्धि गर्न समूदायमा गई प्रेरणा दाई भूमिका निर्वाह गर्नुपर्छ। शिक्षक शिक्षिकाहरूले खेल्नुपर्ने भूमिका शिक्षण पेशालाई सेवाको दृष्टिकोणले हेरी कार्य गर्नुपर्छ। समाजमा रहेको निरक्षरतालाई हटाउन समाजीक नेताको भूमिका निर्वाह गर्नुपर्छ। अभिभावकहरूले खेल्नु पर्ने भूमिकामा विद्यालयको हरेक क्रियाकलापमा सहभागी भई आवश्यक मात्रामा राय एवम् सुझाव दिनुपर्छ। विद्यालयमा अध्ययनरत विद्यार्थीको पढाईमा चासो लिई नियमित रुपमा अनुगमन गर्नुपर्छ। विद्यालयको आर्थिक व्यवस्थापन आफुले सक्दो सहयोग गर्नुपर्ने हुन्छ। विद्यालयलाई समुदायमा विभिन्न कार्यक्रम गर्नलाई दवाव दिनुपर्छ। समुदायमा रहेको अशिक्षित अभिभावकरुलाई विद्यालय प्रतिको साकारात्मक धारणाको विकास गर्नको लागि विशेष पहल गर्नुपर्छ ( राउत, २०६२) ।

शैक्षिक विकेन्द्रीकरणको प्रसङ्गमा विद्यालय सुधार योजना निर्देशिका २०६२ मा विष्ट र साथीहरू ( २०६२) ले उल्लेख गरे अनुसार शिक्षा प्रतिको बढ्दो चाहना तथा जनआकांक्षालाई हेर्दा र अन्तर्राष्ट्रिय स्तरमा पुग्ने प्रतिस्पर्धा गर्नुपर्दा शैक्षिक अवसरहरूको सिर्जना र परिपूर्ति केन्द्रीय स्तरमा निर्माण भएका योजना र कार्यहरूले मात्र पूरा गर्न सक्दैन। शिक्षालाई जनस्तरसम्म पुऱ्याउन विकेन्द्रीय शैक्षिक योजना तथा व्यवस्थापनको टडकारो आवश्यकता विश्वभरी नै देखाएको छ। अझ नेपालजस्तो विकासशील राष्ट्रको लागि शैक्षिक अवसर जनस्तरसम्म पुग्न कठिन भएको अवस्थामा यसको आवश्यकता झन् महत्वपूर्ण देखिएको छ। यिनै कुराहरूलाई मध्यनजर राखी विकेन्द्रीत शिक्षा नीति प्राप्ती प्रभावकारी विद्यालय व्यवस्थापन शैक्षिक गुणस्तर अभिवृछि

जनसहभागीता तथा स्थानीय स्रोतको परिचालन गर्ने एउटा साधन मात्र हो । यो शिक्षासँग मात्र सम्बद्ध छैन । राष्ट्रको जुनसुकै पक्ष एक अर्कासँग अर्न्तसम्बन्धित रहेका हुन्छन् । यस भनाइबाट स्पष्ट हुन्छ कि शिक्षा क्षेत्र होस् चाहे जुनसुकै क्षेत्रमा किन नहोस केन्द्रिकृत योजनाबाट अपेक्षित प्रगति प्राप्त हुन सक्दैन । अपेक्षित लक्ष्य र उद्देश्य प्राप्तीका लागि स्थानीय योजनाको जरुरी हुन्छ । जस्तो शैक्षिक क्षेत्रमा विद्यालय तहमा निर्माण हुने विद्यालय सुधार योजनाले योजना निर्माण कार्यमा स्थानीय सरोकारवालाहरूको सहभागीतामा अभिवृद्धि गरी कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाएर अपेक्षित उद्देश्य प्राप्त गर्नमा सहयोग पुग्दछ ।

विश्वको परिप्रेक्ष्यमा शैक्षिक विकेन्द्रीकरणको विकासक्रम केलाउँदा विश्व जगतमा व्यक्त मानव अधिकार, बालअधिकार, महिला अधिकार, शिक्षाको अधिार तथा सबैको लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा जस्ता प्रतिवद्धताहरूले गर्दा शिक्षाप्रति बढ्दो जनआकांक्षा तथा चाहनालाई दृष्टिगत गरी शैक्षिक अवसरको सिर्जना तथा परिपूर्ति राज्य स्तरबाट मात्र सम्भव नभएको हुँदा शिक्षालाई जनस्तर सम्म ल्याउन विकेन्द्रीकृत शैक्षिक योजना तथा आवश्यकता विश्वभरी नै खड्किएको देखिन्छ । तयसमा पनि दक्षिण एशियाली राष्ट्रहरू जहाँ शैक्षिक अवसरहरू जनस्तरसम्म पुग्न नै कठिनाइ भइरहेको अवस्थाको यसको आवश्यकता झन् उल्लेखनीय रुपमा रहेको छ । फलतः विभिन्न देशहरूमा शैक्षिक विकेन्द्रीकरण भएको प्रयास तलको अनुच्छेदमा उल्लेख गरिएको छ ।

विकेन्द्रीकरणको सुरुवात सँगसँगै शैक्षिक विकेन्द्रीकरणको थालनी भएको देखिन्छ । शैक्षिक विकेन्द्रीकरणको राम्रो अभ्यास अमेरिकामा देख्न सकिन्छ । जहाँ क्षेत्रमा आधारित व्यवस्थापन विधिको प्रयोगबाट स्थानीय निकायलाई विद्यालयको व्यवस्थापन, योजना निर्माण, कार्यान्वयन, अनुगमन र निरीक्षणमा बढी भन्दा बढी जिम्मेवार र जवाफदेही बनाउने प्रयास गरिएको छ । त्यहाँ निजी विद्यालयहरूको व्यवस्थापन स्थानीय निकायहरूले गर्दछन् । आर्थिक स्रोतको जोहो गर्दछन् । यी विद्यालहरू सर्वसाधारण जनताप्रति जवाफदेही हुन्छन् । शिक्षा परिषद मार्फत अमेरिकीहरूले आफ्नो शिक्षाप्रतिको धारणा प्रतिनिधिबाट व्यक्त  गर्दछन् । बेलायतमा भने न त शिक्षा प्रणालीलाई पूर्ण रुपमा विकेन्द्रीकरण गरिएको छ न त शिक्षा प्रणालीलाई पूर्ण रुपमा विकेन्द्रीकरणबाट टाढा गरिएको छ । केन्द्रीय र स्थानीय स्तरका शिक्षा अधिकारीहरूलाई सन्तुलनमा राखेको छ । केन्द्र र स्थानीय स्तरका बीच साझेदारी कायम गरी शिक्षाको व्यवस्थापन गरिएको छ । यहाँ शिक्षकहरू स्वयंले स्थानीइ आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्दछन् । गाउँका सार्वजनिक

विद्यालयहरूका व्यवस्थापनका लागि पूर्णतया सार्वजनिक कोषको व्यवस्था गरिएको छ । यसरी शैक्षिक विकेन्द्रीकरणको नमुना अमेरिकामा विद्यालय स्तरमा सरोकारवालाहरूको सहभागीतामा योजना निर्माण र कार्यान्वयन प्रभावकारी रुपमा भएको देख्न सकिन्छ भने बेलायती विद्यालयहरूमा पनि योजना निर्माण र कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको देखिन्छ (सिन्हा, २०६४) ।

सिंह २०६५ ले विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयको अवस्था अध्ययन शीर्षकमा गरेको अनुसार विद्यालयको सुधार योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाहरूको सहभागिता तथा योजना निर्माण तथा कार्यान्वयनमा देखिएको समस्याहरूको अवस्था अध्ययन गर्न रहेको थियो । शोध अध्ययन अन्तर्वार्ता। प्रश्नावली, अर्न्तक्रिया, सर्वेक्षण र छलफल विधि तथा सोध संग सम्वन्धित साहायक सामग्रीहरूको रुपमा प्रयोग गरेको थियो । शैक्षिक विकेन्द्रिकरणका प्रयास स्वरुप विद्यालय सम्वद्ध सरोकारवालाहरूको सहभागितामा आफ्नो योजना आफै वनाइ कार्यान्वयन गर्न भएको यस प्रयोगमा योजना र यसको निर्माण विधि सम्वन्धमा सरोकारवालाहरूमा देखिएको अस्पस्टता र अन्यौलता मुख्य समस्याको रुपमा रहेको छ । योजना निर्माण पुर्व सरोकारवालाहरूमा आवश्यक दक्षताको विकास नगरी योजना निर्माण कार्य प्रभावकारी राम्रो हुदैन । निशकर्षमा यी अवस्थाको अन्त गरी सहभातिामूलक विधिवाट ब्यापक छलफल गरी समस्या र आवश्यकताको क्रमवद्ध प्राथमिकीकरण गरी योजना निर्माण गर्न सकेकमा तथा नियमित योजनाको स्पस्ट कार्य योजना बनाइ कार्यान्यन तर्फ अग्रसर भएमा योजनाको निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरू समाधान हुनजान्छ ।

यादव (२०६९) ले विद्यालयको भौतिक ब्यपस्थापनमा सरोकारवालाहरूको सहभागिता विषयमा यस अध्ययनको उद्देश्य सामुदायिक विद्यालयको भौतिक ब्यवस्थापनमा सरोकारवालाहरूको सहभागिताको खोजी गर्नु रहेको थियो । यस अध्ययनको विधि परिणात्मक र गुणात्मक ढाँचामा अधारित रहेको छ । यस अनुसन्धानका क्रममा विद्यालयको भौतिक व्यवस्थापनमा सरोकारवाला पक्षको सहभागिता सम्वन्धि आवश्यक तथ्यांकहरू जुटाउन प्राथमिक स्रोतहरू अर्न्तगत पर्ने प्रश्नावली, छलफल, अन्तर्वाता, अवलोकन फाराम जस्ता साधनहरूको प्रयोग गरको थियो ।

अध्ययनवाट सामुदायिक विद्यालयको भौतिक ब्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता न्यून रहेको पाइयो । विद्यालयमा हाम्रा वालवालिकाहरूको ज्ञान आर्जन गर्ने पवित्र थलोको रुपमा पाइयो भन्ने आभास भयो तर विद्यालय परिवारले विद्यालयको गतिविधी सम्बन्धि जानकारी सार्वजनिक गराउन नगरेको आफुहरू अन्जान गरेको गुनासो प्रप्त भयो । सरोकारवालाहरूले विद्यालयको

भौतिक व्यवस्थापनको सुधारमा सक्दो सहभागिता बढाएर उचित भौतिक व्यवस्थापनमा सहयोग पुर्‍याई गुणस्तरीय शिक्षा प्रदान गराउन सवै सरोकारवालाहरू वीच आपसी प्रम, सद्भाव, समन्वय, सहयोग, एक अर्काको विचारलाई कदर गरी विद्यलय सुधार योजनामा भए अनुसार सम्पुर्ण समितिहरूलाई तथा सरोकारवालाहरूलाई अगाडी बढ्न सुझव दिइयो (यादब, २०६९) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

गुणात्मक अनुसन्धान गर्दा सैद्धान्तिक अवधारणालाई आधार बनाउनुपर्दछ । त्यसैले यस परिच्छेदमा दुई थरिका अवधारणा एवं चिन्तनहरूको विश्लेषण गरिएको छ । पहिलो चिन्तनले अध्ययनको बैचारिक खाका दिन्छ भने दोस्रोले व्यवहारत देखिएका सबल एवम् कमजोर पक्षका साथै जल्दाबल्दा चुनौती र समस्याहरूको बारेमा जानकारी दिईने प्रयत्न गर्दछ । यस शोध अध्ययनका उद्देश्यहरूको प्राप्तिका लागि शोध कार्यलाई वस्तुगत ढंगले अघि बढाउने क्रममा शोध अध्ययनको विषय प्रकृति क्षेत्र लगायतका विषयको अनिवार्यतालाई मध्य नजर गर्दै प्रा. जर्ज इल्टन मायो (सन् १९५०) को मानव सम्बन्ध सिद्धान्त र फ्रेडिक टेलर (सन् १९११) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तका आधारभूत मान्यतालाई प्रयोग गरिएको छ ।

एकातिर विद्यालय सुधार योजना कार्यान्वयन प्रक्रिया संगठनात्मक कार्य भएको हुँदा संगठनमा कार्यरत शिक्षक कर्मचारी बीचको अर्न्तसम्बन्ध, कामको बाँडफाँड, नियन्त्रण र मूल्यांकनको अध्ययन गर्नुपर्दछ भने अर्कोतिर शोध अध्ययन कार्यले समेत मानवीय अनुभव, विचार भावना, क्रियाशीलता तथा सहभागीताका अवस्था अध्ययन गर्नुपर्ने भएकाले मानव सम्बन्ध सिद्धान्त र वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको खाका भित्र रही शोध अध्ययन पूरा गरिएको छ । शिक्षा प्रशासन मानवीय एवं सामाजिक प्रक्रिया भएको हुँदा यस प्रक्रियालाई यान्त्रिक ढंगले होइन मानवीय ढंगले संचालन गर्नुपर्दछ ।

कुनै पनि संगठनमा कार्य गर्नेहरू विच राम्रो मानव सम्बन्ध भएका कार्य सम्पादन राम्रो चाँडो र स्तरीय किसिमले सम्पन्न हुने हुन्छ । यदि सम्वन्ध राम्रो राम्रो नभएको खण्डमा कार्यसम्पादन ढिलो र कम गुणस्तरीय हुने हुन्छ । यस सिद्धान्तले संगठन भित्र हुने विभिन्न ब्यवहारमा जोड दिएको छ । मानव सम्बन्छ भन्नाले मानिसलाई मानिस जस्तो ब्यहवार गर्नुपर्छ । मानिसलाई संगठनको बस्तु वा अन्य कुनै सम्पत्तिहरू जस्तो रुपमा लिनु हुदैन यसको आफ्नो बेग्लै प्रकारको मानवीय अस्तिन्व छ भन्ने मन्नु पर्छ । यदि सवै ब्यक्ति मिलेर उद्देश्यहरू पुर्ति गर्नु छ भने पक्कै पनि एकले अर्कालाई चिन्नै पर्दछ । यस अनुसार मानव सम्बन्ध यस्तो कला हो जो ब्यवस्थापकले बुझ्रेर मात्र ब्यवहार

गर्नपर्दछ । जसको अनुभव र प्रयोगलाई इन्कार गर्न सकिदैन, त्यसरी नै ब्यक्तिगत अन्तर सम्वन्धमा मनोवैज्ञानिक कुराहरूलाई इन्कार गर्न सकिदैन, यसरी नै ब्यक्तिगत अन्तर सम्वन्धमा मनोबैज्ञानिक कुराहरूलाई इन्कार गर्न सकिदैन (थापा, २०६८) ।

यस संयन्त्र भित्र क्रियाशील सदस्यहरूका इच्छा, चाहना एवं आकांक्षालाई सम्बोधन गर्दै कार्य हुन सक्ने वातावरण निर्माण गर्न सकेमा संस्थाको कार्य क्षमता बढेर जाने धारणा मानवीय सम्बन्ध सिद्धान्तका प्रणेताहरूको छ । चाहे योजना निर्माणको प्रक्रिया होस्, चाहे योजना कार्यान्विनयको चरणमा किन नहोस् शैक्षिक प्रशासनले असफलता भोेलिरहनु परेको छ । यसको चुरो कुरो नै यस भित्र चलायमान जनशक्ति बीच सुमधुर सम्बन्ध स्थापित हुन नसक्नु नै हो । यस प्रकृतिको समस्याको समाधान इल्टन मायो एवं मेरी पार्कर फोलेटका शब्दमा भन्दा पेशागत, प्रणालीगत र प्रजातान्त्रिक शैक्षिक प्रशासनबाट सम्भव छ । यसप्रकार शैक्षिक प्रशासनको एक अभिन्न अंग ठानिने विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनसँग सम्बन्धित समस्याहरूको अध्ययन मानवीय सम्बन्ध अध्ययन र वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको ढाँचामा गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

विभिन्न साहित्यको अध्ययनवाट यस सोधकार्यलाई दिशानिर्देश भएको छ । अध्ययनका लागि समेटिएको विषयलाई आवश्यक पर्ने सुचनाहरू प्राप्त गर्न सम्भव भएको छ । शिक्षाशास्त्र संकाय अर्न्तगत स्नात्तकोतर तहमा अध्ययन गर्ने शोधकर्तावाट वा अन्य समाजशास्त्री-हरूवाट सामुदायिक विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयन अवस्था अध्ययनको सम्वन्धमा अध्ययनहरू गरेको पाइएको छ । सरोकारवालाहरूले सामुदायिक विद्यालयको विद्यालय सुधार योजनाको कार्यान्वयनको प्रभावकारी ढंगवाट गर्न सकेमा विद्यालयको भौतिक अवस्थामा सुधार र शैक्षिक गुणस्तरमा वृद्धि भई समस्याहरू समाधान गर्न सहयोग पुर्याउँछ ।

यस अध्ययनको क्रममा मिश्रीत (संख्यात्मक र गुणात्मक) सिद्धान्तलाई आधार लिएको छ । यस सिद्धान्तले मानव सम्वन्ध सुदृढ गर्न संस्थामा मेलमिलापको भावनावाट प्रेरित भइ कार्य गरेको खण्डमा कुनै पनि संघसंस्था र संगठनको कार्य उद्देश्य अनुरुप समय सिमाभित्र पुरा गर्न सकिने तर्क अगाडि सारेको छ । तसर्थ यो सिद्धान्तले यस अध्ययनलाई पूरा गर्न सहयोग पुर्याएको छ । अर्कोतिर प्रकाशित तथा अप्रकाशित सोधपत्रहरूको अध्ययन र साहित्यको पुनरावलोकनले यस अध्ययनले शीर्षकलाई पूरा गर्न सहयोग पुर्याउँछ ।

नेपाल सरकारको अनुदानमा चलेका सामुदायिक विद्यालयहरू प्रति अभिभावक तथा विद्यार्थीहरूको विकर्षण बढदै जानुमा सरकारी अदुरदर्शीतालाई लिन सकिन्छ । सामुदायिक विद्यालयमा तालिम प्रप्त शिक्षक रहदाँ-रहदै पनि विद्यालय तर्फ गरेको लगानीलाई सरकारले बेवास्ता गरेकै परिणाम सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किदो अवस्थामा पुग्दा धेरैजसो विद्यार्थीहरू महँगा शुल्क तिरेर पनि संस्थागत विद्यालयतिर धाउँदै छन् । तसर्थ विद्यालयको सुधार योजनामा भएका क्रियाकलाप अनुसार सहि रुपमा विद्यालय सुधार योजनाको कार्यान्वयन गरियो भन्ने विद्यालयको समसटिगत रुपमा सुधार गर्न सकिन्छ ।

सामुदायिक विद्यालय ब्यबस्थापन गर्न नेपाल सरकारले समुदायमा विद्यालय हस्तान्तरण अभियान संचालन गरेको छ । यस कार्यक्रम अर्न्तगत विद्यालयहरूले सरकारी राहत अनुदान लिने बाहेक केही गर्न सकेको छैनन् । यो अध्ययनवाट सामुदायिक विद्यालयले विद्यार्थीलाई दिने सेवा सुविद्यालाई क्रमिक रुपमा सुधार गर्दै लैजान सकेमा केही समय पछि जनताको विश्वास पनि पलाउने छ । विद्यालयको वातावरण राम्रो र रमाइलो खालको हुनुपर्दछ । सरोकारवालाको वीचमा अर्न्तक्रिया र सर-सहयोगले भौतिक ब्यवस्थामा अनुकुलता प्रदान गर्दछ । नेपाल सरकारले प्रदान गरेको निःशुल्क शिक्षालाई कार्यान्वयन गर्नु पर्छ । एक अर्कामा सरोकारवालाहरू वि.ब्य.स., शि.अ.संघ, विद्यार्थी, शिक्षक, प्र.अ., तथा शिक्षा कार्यालयका क्रमचारीहरू आदि ब्यक्तित्वहरूको छलफल र निरन्तर साथै सहयोगवाट विद्यालयको समग्र विकास तथा विद्यालयलाई ब्यवस्थापन गर्न तथा विद्यालय सुधार योजनालाई कार्यान्वयन गर्न सकिन्छ । यस मिश्रीत सिद्धान्तले विद्यालय परिवार र समुदायबीचको सम्वन्ध सुदृढीकरण गर्न सहयोग पुग्ने तर्क अगाडि सारेकाले यस अध्ययनलाई पुरा गर्न मद्दत गरेको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धानात्मक ढाँचा, जनसंख्या र नमूना, तथ्याङ्क संकलनका औजारहरू/साधनमा अवलोकन फाराम, लक्षित समुह छलफल, तथ्याङ्कको स्रोतमा प्राथमिक स्रोतको रुपमा अन्तर्वार्ता प्रश्नावली र सहभागीमूलक छलफल विधिको प्रयोग गरी शोधकर्ता स्वयम् संलग्न भएर स्थलगतरुपमा अर्न्तवार्ता लिने, प्रश्नावली भराउने र अध्ययन अवलोकन गरी आवश्यक जानकारी र सूचनाहरू संकलन गरिएको छ भने सहायक स्रोतको रुपमा निर्मित विद्यालय सुधार योजना, शैक्षिक दर्पण, विद्यालय सुधार योजना सारांश विवरण र स्रोतकेन्द्रगत रुपमा विद्यालय सुधार योजना निर्माण कार्यान्वयन गर्ने विद्यालयको विवरण साथै यस अध्ययनसँग सम्बन्धित लेख रचना, अध्ययन प्रतिवेदन आदिको प्रयोगगरी जिल्ला स्तरमा विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था हेरिएको थियो । तथ्याङ्कक संकलन बिधि छलफल वहस र अन्तवार्ता संचालन गरी छलफलद्धारा तथ्यांक संकलन गरी तथ्याङ्कको विश्लेषण बिधिमा आधारित रहेर विश्लेषण गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन मिश्रित (परिमाणत्मक र गुणात्मक) ढाँचामा आधारित छ । यसले संख्यात्मक विवरण, सरोकारवालाहरूका विचार, धारणा र प्रतिक्रियाहरू विश्लेषण गरी कार्यक्रमका विभिन्न चरणहरूमा रहेका समस्या र सामाधानका बाटाहरू पहिल्याउने प्रयत्न गरेको छ । प्रस्तुतीकरणका विधिहरू व्याख्यात्मक र विश्लेषणात्मक छन् । अध्ययनका उद्देश्यहरू प्राप्त गर्नका लागि प्राथमिक र सहायक स्रोतबाट आवश्यक तथ्याङ्कहरू संकलन गरिएको छ । प्राप्त तथ्याङ्कको विश्लेषणको आधारमा विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था र देखिएका कमी कमजोरीहरू न्यूनीकरण गर्न थप सुझावहरू प्रस्तुत गरिएको छ ।

गुणात्मक अनुसन्धान भन्नाले कुनै पनि धारणा, समस्या वा मुद्धाहरूको बारेमा व्याख्यात्मक सूचनाहरूको संकलन गरी सोही आधारमा विश्लेषण, व्याख्या तथा निष्कर्ष निकाल्न सञ्चालन गरिने अनुसन्धान हो । यसको प्रमुख उद्देश्य कुनै पनि विषय, समस्या वा कार्यक्रमको गुणस्तर कस्तो छ भन्ने अध्ययन गर्नु हो । यस अनुसन्धानमा पूर्व निर्धारित परिकल्पना प्रक्रिया उपायोग गरिदैन । अनुसन्धानकर्ताले अनुसन्धान कार्यको लागि केवल मानसिक खाकाको उपयोग गर्दछ । कुनै पनि कार्यक्रमको प्राकृतिका अवस्था के भइरहेको छ भन्ने बारेमा अध्ययन गर्दछ ।

कुनै घटना वा कार्यक्रमसँग सम्बन्धित सहभागहिरूको अनुभवलाई सूचनाको प्रमुख आधारका रुपमा लिइन्छ । यस अनुसन्धानमा बहुतथ्याङ्क संकलन विधिको उपयोग गरिन्छ । समस्याको बारेमा व्याख्यात्मक सूचनाहरू संकलन गरी गुणात्मक विश्लेषणको आधारमा निष्कर्षमा पुग्ने गरिन्छ । कुनै पनि समस्याको गहिराइमा अध्ययन गरिन्छ । त्यसैले समस्याको विषयमा त्यसका सहभागहिरूको अनुभव, धारणा विचार तथा सोचाइहरूको संकलन गरी त्यो समस्याको बारेमा वास्तविकता थाहा पाउनु नै यस अनुसन्धानको प्रमुख विषय हो । परिणात्मक अनुसन्धानले कुनै पनि विषयवस्तु, समस्या वा मुद्दाहरूसँग सम्बन्धित विभिन्न चरहरू बीचको सम्बन्धलाई संख्यात्मक मूल्यमा आधारित भई अध्ययन गर्दछ । यस्तो प्रकारको अनुसन्धानमा तथ्याङ्कशास्त्रीय विश्लेषण प्रक्रिया उपयोग गरिन्छ । यो पूर्व निर्धारित परिकल्पनामा आधारित हुन्छ र अनुसन्धानो निष्कर्षबाट परिकल्पनाको परीक्षण गरिन्छ । यो अनुसन्धानले प्रमाणीकरण, वस्तुनिष्ठता र विश्वसनीयतामा जोड दिन्छ (खनाल र मुडभरी, २०५९) ।

कुनै पनि कुरालाई निश्चित आधारमा अर्थ्याउनुलाई व्याख्या गर्नु भनिन्छ । आ-आफ्नो दृष्टिकोणको आधारमा एउटै विषयवस्तुमा धेरै प्रकारले व्याख्या गर्न सकिन्छ । यस अर्थमा व्याख्या भनेको दुनियाँ हेर्ने दृष्टिकोण हो । व्याख्या गर्दा दृष्टिकोणको आधारमा अर्थ्याउने गरिन्छ । सिद्धान्तसँग भिडाएर सन्दर्भसँग तुलना गरेर अर्थ्याउने गरिन्छ । साथै एउटा उत्तरदाताको कुरालाई अर्कोसँग दाँजेर र अरुको अनुसन्धानसँग तुलना गरेर अर्थ्याइन्छ (शर्मा र तामाङ २००३) ।

अध्ययन विधिको छनौटमा खासगरी अध्ययन क्षेत्रको छनौट कसरी गर्ने ?, कुन विधिबाट गर्ने ?, नमुना छनौट गर्दा कुन-कुन आधारहरूको प्रयोग गरी गर्ने ?, कुन-कुन साधनहरूको छनौट गर्ने ? ती साधनहरूको निर्माण कसरी गर्ने ? आदि कुराहरूको तयारी नै अध्ययन विधिको छनौट हो । शोध कार्यलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शोधकर्ता स्वयम्बाट प्रत्यक्ष रुपमा अन्तवार्ता लिने, स्थलगत रुपमा अध्ययन अवलोकन र सामूहिक छलफल गरी प्रश्नावली भराउने काम भएको थियो ।

**३.२ जनसंख्या र नमूना**

विद्यालय सुधार योजनाको कार्यान्वयन  अध्ययन गर्नका लागि सिरहाका २ वटा स्रोतकेन्द्र अन्तर्गतका ४/४ वटा सामुदायिक विद्यालयहरूलाई नमुना अध्ययनको क्षेत्र छनौट गरिएको थियो । नमुना अध्ययनको क्षेत्रको रुपमा जिल्ला का २ वटा स्रोतकेन्द्रहरूलाई लिइएको छ  । विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन गर्ने केन्द्रविन्दु विद्यालय रहेकाले विद्यालयलाई योजना निर्माणको

क्रममा आवश्यक प्राविधिक सेवा प्रदान गर्ने निकाय स्रोतकेन्द्र भएको र जिल्लास्तरमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा निर्देशन नियन्त्रण, सहयोग र समन्वयकारी भूमिका निभाउने संस्था जिल्ला शिक्षा कार्यालय रहेको हुँदा उल्लिखित निकायहरूलाई अध्ययनको क्षेत्रको रुपमा छनौट गरिएको छ ।

**तालिका १ः**

**अध्ययनको जनसंख्या तथा नमूना छनौट**

| क्र.स. | विवरण | जम्मा जनसंख्या | छनौट जनसंख्या | प्रतिशत | छनौट विधि |
|---|---|---|---|---|---|
| १ | श्रोत केन्द्र | ११ जना | २ वटा | १८.१८ | गोला प्रथा |
| २ | विद्यालय | ८९ वटा | ८ वटा | ९ | गोला प्रथा |
| ३ | शिक्षक | ६७ जना | ८ जना | १२ | गोला प्रथा |
| ४ | अभिभावक | ४३७० जना | ८ जना | - | सम्भावनायुक्त नमूना छनौट विधि |
| ५ | प्र.अ. | ८ जना | ८ जना | १०० | उद्देश्यमूलक |
| ६ | वि.व्य.स. अध्यक्ष | ८ जना | ८ जना | १०० | उद्देश्यमूलक |
| ७ | विद्यार्थी | ४३७० जना | ८ जना | - | सम्भावनायुक्त नमूना छनौट विधि |
| ९ | जि.शि.अ. | १ जना | १ जना | १०० | उद्देश्यमूलक |
| १० | शा. अ. | २ जना | १ जना | ५० | गोला प्रथा |
| ११ | प्रा. स. | ३ जना | १ जना | ३३.३३ | गोला प्रथा |
| १२ | श्रोत ब्यक्ति | ११ जना | २ जना | १८.१८ | उद्देश्यमूलक |

श्रोतः स्थलगत सर्वेक्षण २०७०

माथी उल्लेखित तालिका अनुसार अध्ययनको क्रममा जिल्ला शिक्षा कार्यालय सिरहाका जिल्ला शिक्षा अधिकारी, योजना अधिकृत, सम्बन्धित कार्य सम्पादनमा संलग्न प्राविधिक सहायक, जिल्लाका २ वटै स्रोतकेन्द्रको स्रोतव्यक्तिहरू, २ वटा स्रोतकेन्द्र मातहतमा संचालित प्रति १ वटा विद्यालयका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावक गरी प्रति विद्यालयबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा संलग्न ८ जना गरी जिल्ला भर जम्मा ४५ जना महानुभावहरूसँग शोध अध्ययन शीर्षकमा छलफल, वहस, अन्तक्रिया र अन्तर्वार्ता सञ्चालन गरिएको थियो । निजहरूसँग प्रश्नावली समेत भराई शोध शीर्षकमा विचार, राय, सुझाव, संकलन गरिएको छ ।

### ३. ३ तथ्याङ्क संकलनका औजारहरू/साधन

शोध अध्ययनलाई वस्तुगत एवं सार्थक ढंगले संचालन गरी निष्कर्षमा पुऱ्याउन आवश्यक पर्ने सूचनाहरू संकलन गर्नको लागि निम्न औजारहरू प्रयोग गरिएको छ ।

#### (क) अन्तर्वार्ता सूची

विद्यालय सुधार योजनाको कार्यान्वयनमा भए गरेका कार्यक्रमहरू सम्बन्धमा जानकारी संकलन गर्न विद्यालयसँग सम्बद्ध जि. शि. अ., वि.नि., श्रोत ब्यक्ति, अभिभावक, वि.व्य.स., शिक्षक, विद्यार्थीसँग अर्न्तवार्ता लिइएको छ । यसै अर्न्तवार्तालाई व्यवस्थित र उद्देश्यमूलक बनाउन अर्न्तवार्ता गाइड निर्माण गरी प्रयोग गरिएको थियो । अन्तर्वार्ता सूचीलाई अनुसूची १ मा राखिएको छ ।

#### (ख) अवलोकन फाराम

निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन छनौट गरिएका विद्यालयहरूको निमति अवलोकन फारम तयार पारि सुचना संकलन गरिएको थियो ।

#### (ग) लक्षित समुह छलफल

विद्यालय सुधार योजनाको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ? विद्यमान समस्याहरू के के हुन ? जस्ता शीर्षकमा जि. शि. अ., वि.नि., श्रोत ब्यक्ति, वि. ब्य. स. अध्यक्ष र प्र. अ. बीच छलफल सञ्चालन गरिएको थियो । माथी उल्लेखित तथ्यांक संकलनका साधनहरूलाई अनुसूची १ मा क्रमशः उल्लेख गरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत

शोध अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू प्राथमिक र सहायक दुवै स्रोतहरूको प्रयोग गरी संकलन गरिएको थियो । प्राथमिक स्रोतको रुपमा अन्तर्वार्ता प्रश्नावली र सहभागीमूलक छलफल विधिको प्रयोग गरी शोधकर्ता स्वयम् संलग्न भएर स्थलगतरुपमा अर्न्तवार्ता लिने, प्रश्नावली भराउने र अध्ययन अवलोकन गरी आवश्यक जानकारी र सूचनाहरू संकलन गरिएको छ भने सहायक स्रोतको रुपमा निर्मित विद्यालय सुधार योजना, शैक्षिक दर्पण, विद्यालय सुधार योजना सारांश विवरण र स्रोतकेन्द्रगत रुपमा विद्यालय सुधार योजना निर्माण कार्यान्वयन गर्ने विद्यालयको विवरण साथै यस अध्ययनसँग सम्बन्धित लेख रचना, अध्ययन प्रतिवेदन आदिको प्रयोगगरी जिल्ला स्तरमा विद्यालय सुधार योजनाको निर्माण, अद्यावधिक र कार्यान्वयनको अवस्था हेरिएको थियो ।

### ३.५ तथ्याङ्क संकलन  बिधि

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जनाकारीहरू तथा आँकडाहरूलाई तथ्यांक संकलन विधि भनिन्छ । तथ्यांक अनुसन्धान पुरा गर्नका लागि कच्चा पदार्थ हो । सम्वन्धित सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, स्रोत ब्यक्ति, विद्यालय । अध्ययन विषयको प्रकृति अनुसार जिल्ला शिक्षा कार्यालय सिरहाका जिल्ला शिक्षा अधिकारी, योजना अधिकृत,  सम्बन्धि कार्य सम्पादनमा संलग्न प्राविधिक सहायक, जिल्लाका २ वटै स्रोतकेन्द्रको स्रोतव्यक्तिहरू, २ वटा स्रोतकेन्द्र मातहतमा संचालित प्रति १ वटा विद्यालयका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक विद्यार्थी र अभिभावक गरी प्रति विद्यालयबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा विद्यालय सुधार योजना  कार्यान्वयनमा संलग्न ८ जना गरी  जम्मा ४५ जना महानुभावहरूसँग शोध अध्ययन शीर्षकमा छलफल वहस, अन्तक्रिया र अन्तवार्ता संचालन गरी छलफलद्धारा तथ्यांक संकलन गरियो । द्धितीय तथ्यांकको स्रोतको सन्दर्भमा विद्यालयको अभिलेख, प्रतिवेदन लगायत अन्य अभिलेखहरूलाई आधार वनाएर तथ्यांक संकलन गरियो । प्रश्नावलीहरू सरोकारवालाहरूलाई दिएर उनिहरूवाट आएका यथार्थ विवरणका आधारमा प्राप्त नतिजालाई ब्याख्या विश्लेषण गरियो । प्रत्येक सरोकारवालाहरूको एक अर्काको सम्वन्ध र विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था र कार्यान्वयनमा देखा परेका समस्याहरूको वारेमा समेत विश्लेषण गरियो साथै अवलोकन फारामको आधारमा स्वयं आफै अवलोकन गरी तथ्यांक संकलन गरियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण बिधि

अध्ययन अनुसन्धानको गहन एवम महत्वपुर्ण अंगको रुपमा तथ्यांक विश्लेषणलाई लिइन्छ । बिभिन्न लेख रचनाको साथै प्राथमिक र दितिय स्रोतवबाट प्राप्त हुन आएका तथ्यांकहरूलाई क्रमवद्धको रुपमा राखि विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको मुटुको रुपमा लिइन्छ । प्रप्त तथ्यांकको विश्लेषण विना अध्ययन अनुसन्धानको कुनै अर्थ रहदैन ।

संकलन गरिएका तथ्याङ्कहरूलाई सिद्धान्तसँग सम्बन्धित गर्दै व्याख्या एवं विश्लेषण गरिएको छ । साथै तथ्याङ्कलाई विभिन्न प्रकारका तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोगबाट विश्लेषण गरिएको छ । अध्ययन गरिएको २ वटा श्रोत केन्द्रको ८ वटा सामुदायिक बिद्यालयहरू तथा सरोकारवालाहरूवाट प्राप्त तथ्यांकलाई सर्वप्रथम तालिकामा राखी विश्लेषण तथा ब्याख्या गरिएको छ । प्रश्नावली फारमको आधारमा प्रप्त तथ्यांकलाई तुलनात्मक रुपमा ब्याख्या गरिएको छ । संकलित तथ्यांकहरूको परिमाणलाई ब्याख्या एबं विश्लेषण गरिएको छ । तसर्थ यो अनुसन्धान परिमाणात्मक र गुणात्मक दुवै ढाँचामा आधारित रहेको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

यस परिच्छेदमा विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा सरोकारवालाहरूको सहभागीता र कार्यान्वयनमा देखिएका समस्याहरूको लागि नमुना छनौटमा परेका विद्यालयहरूको सरोकारवालाहरूवाट विभिन्न सुचना जानकारी तथा तथ्यांकहरू संकलन गरि त्यसको विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

## ४.१ विद्यालय सुधार योजनाको कार्यान्वियनको अवस्था

जिल्लाका २ वटै स्रोतकेन्द्रको ८ वटा विद्यालयको विद्यालय सुधार योजनाको कर्यान्वयनको अवस्था बारे छलफल, अन्तक्रिया र अन्तवार्ता संचालन गरिएको थियो । निजहरूसँग प्रश्नावली समेत भराई शोध शीर्षकमा विचार राय, सुझाव, संकलन गरिएको छ ।

तालिका. २

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनको विवरण

| क्र. सं. | आ.व. ⁄विवरण | विद्यालय संख्या | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालय संख्या | ८ | ८ | १०० |
| २ | विद्यालय सुधार योजना अधाबधिक गर्ने विद्यालय संख्या | ८ | ८ | १०० |
| ३ | विद्यालय सुधार योजना कार्यान्वयन गर्ने विद्यालय संख्या | ८ | ५ | ६० |
| ४ | विद्यालय सुधार योजना कार्यान्वयन गर्ने नसकेका विद्यालय संख्या | ८ | २ | २५ |
| ५ | विद्यालय सुधार योजना निर्माण पश्चयात योजना कार्यान्वयन तर्फ कुनै चासो नलिएको विद्यालय संख्या | ८ | १ | १२ |
| ६ | विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धमा समिक्षा गर्ने विद्यालय संख्या | ८ | ३ | ४० |

स्थलगत अध्ययन.,२०७०

माथी तालिकामा उल्लिाखित तथ्यांकको विशलेषण गर्दा विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालय संख्या १०० प्रतिशत रहेको तथा अद्याबधीक गर्ने विद्यालय १०० प्रतिशत रहेको तर विद्यालय सुधार योजना कार्यान्वयन गर्ने विद्यालय ६० प्रतिशत र विद्यालय सुधार योजना कार्यान्वयन गर्न नसक्ने विद्यालयहरू जम्मा १२ प्रतिशत रहेका छन् । विद्यालय सुद्यार योजना कार्यान्वयन गर्ने यो संख्याले पनि विद्यालय सुधार योजना स्वस्फुर्त ढंगले कार्यान्वयन भएको देखिदैन । विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनको लागि शूरुमा ६ दिने आधारभुत तालिम संचालन गरेका देखिन्छ । तालिमकै अब्धिमा विद्यालय सुधार योजना निार्माण गरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने सम्बन्धमा तालिका सहभागितामूलक विधिबाट निर्माण गरी कार्यान्वयन गर्ने प्रतिबद्धता गरीएपनि सबै विद्यालयहरूवाट स्वस्र्फुत ढंगले विद्यालय सुधार योजना निर्माण तथा पेश गरेको बिद्याय सुधार योजना अनुसार विद्यालयको कार्यान्वयन गर्न कमिरहेको देखिन्छ ।

एकातिर निर्मित विद्यालय सुधार योजना कार्यन्वयनका लागि प्रतिबद्ध विद्यालयको संख्या कमै देखिन्छ भन्ने अर्कोतिर पर्याप्त स्रोत साधनको अभावका विद्यालय सुधार योजनाको कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्न सकेको छैन । निर्मित विद्यलय सुधार योजनाको कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्न सकेको छैन । निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थाको बोध गर्ने गर्न सकिएको छैन । निर्मित विद्यालय सुधार योजनाको कार्यन्वयन अवस्थाको बोध गर्न बार्षिक समिक्षा सफल गर्ने विद्यालय पनि न्युन पनि देखिन्छ । विद्यालय सुधार योजना निर्माण गर्न गरी कार्यान्वयन गर्ने स्रोतकेन्द्र स्तरवाट निर्देशन गरीएको देखिन्छ । तसर्थ अध्ययनवाट देखिएका विद्यायल सुधार योजनाका कार्यान्वयनको अवस्था वारे उल्लेख गरिएको छ ।

### ४.१.१ विद्यालयको भौतिक ब्यवस्थापन

विद्यालयको भौतिक ब्यवस्थापनमा सरोकारवालाहरूको सहभागीता हुनु अति जरुरी देखिएको छ । विद्यालय समुदायमा र समुदायका वालवालिकाहरू विद्यालयमा पठन पाठन गर्ने भएकोले विद्यालय र समुदायवीच सहयोगात्मक रहेको देखियो । यस अध्ययनले लिएको उद्देश्य पुरा गर्न विद्यालयसंग सरोकार राख्ने सरोकारवालाहरू, प्र.अ. विद्यार्थी, शिक्षक, स्रोत ब्यक्ति, शिक्षक अभिभावक संघ र विद्यालय ब्यवस्थापन समितिले विद्यालयको भौतिक ब्यवस्थापन पक्षमा यसले शिकाईमा राम्रो प्रभाव परेको छ ।

### योजना बद्ध शिक्षणमा सहयोग

कुनै पनि कार्य योजना बद्ध ढंगले गर्न सकिएमा मात्र अपेक्षित उद्देश्यहरू प्राप्त गर्न सकिन्छ। तसर्थ विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धित कार्यहरू जस्तै कक्षा कोठा, डेक्स बेन्च, तथा भौतिक साधनहरूको सहयोगले तथा विद्यालय सुधार योजनाको कार्यान्वयनले विद्यालयमा पठन पाठन गर्नमा सहयोग पुगेको छ। शिक्षक/शिक्षिकाहरूले राम्रो संग पढाउन सहयोग पुगेको छ। श्री नि. मा. वि. पिडरवोनीको प्र.अ.को भनाई अनुसार विद्यालयको भौतिक व्यवस्थापनले गर्दा विद्यालयमा कक्षा १ देखि ३ कक्षा सम्मको लागि बसाई व्यवस्थापन गरी वालमैत्री तरिकाद्वारा विद्यालयमा कक्षा शिक्षण भैरहेका कुरा बताउनु भयो। यस्तै तरिकाले ८ वटा विद्यालय मध्ये ६ वटा विद्यालयहरूमा राम्रो संग विद्यालयमा कक्षा व्यवस्थापन गरि विद्यालयमा शिक्षण क्रियाकलापहरू निरन्तर रुपमा संचालन गरिरहेको कुरा यस अध्ययनले देखाएको छ। विद्याय सुधार योजनाको कार्यान्वयन यसका लागि राम्रो संग पहल भएको देखिन्छ।

### कक्षा कोठाको उचित व्यवस्थापन

विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धिका समस्याहरू अर्न्तगत कक्षाकोठाको फर्निचरको समस्या, कालोपाटी, कक्षाकोठाको आकारप्रकार तथा झयाल ढोका इन्यादी पर्दछन्। यी पक्षहरूको व्यवस्थापन मिलाउन सरोकारवालापक्षहरूले राम्रो पहल गरेको देखिएको छ। सरोकारवाला निकायले स्थानीय निकाय, गैर सरकारी संघसंस्था,स्थानीय बुद्धीजिबी सवैलाई समेटेर उनीहरूवाट साथ सहयोग लिएको देखिन्छ। प्राप्त सहयोगलाई उल्लेखित शिर्षकमा खर्च गर्न भौतिक व्यवस्थापन सम्बन्धि स्रोत पुर्‍याएको पाइयो। अध्ययन गरिएका ८ वटा विद्यालयहरू मध्ये ५ वटामा पुर्ण रुपमा कक्षाकोठाको व्यवस्थापन गरेको पाइयो। ८ वटै विद्यालयमा शौचालयको व्यवस्थापन गरेको पाइयो तर शौचालयमा ३ वटा विद्यालयहरूमा पानीको अभाव भएको पाइयो।

### विद्यालयको बाहिरी वातावरण

अध्ययन गरिएको विद्यालयहरूमा स्वास्थय, सरसफाई, खेलकुद तथा खानेपानीको व्यवस्थापनको हिसावले हेर्दाखेरी विद्यायल सुधार योजनामा भएको अनुसार कार्यान्वयनको अवस्था हेर्दा खेरी विद्यालयमा स्वास्थयको लागि ८ वटै विद्यालयका फोहर फाल्ने खाडलको उचित व्यवस्थापन र ६ वटामा फोहर संकलन गर्ने भाडोको व्यवस्थावन गरेको पाइयो। खानेपानीको लागि ५ वटा विद्यालयहरूमा चापाकलनको व्यवस्थापन तथा ३ विद्यालयहरूमा शुद्ध खानेपानीको व्यवस्थापन

गरेको पाइयो तथा पानीको निकासको लागि पनि ब्यवस्थापन गरेको पाइयो । विद्यालयमा सरसफाईको हिसावले ८ वटै विद्यालयहरूमा शौचालयको ब्यवस्था गरेको पाइयो जस्मा ६ वटामा अलग अलग केटा र केटीको शौचालय तथा युरीनको ब्यबस्था गरेको पाइयो । विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप गर्नका लागि ८ वटै विद्यालयहरूमा खेल मैदानको ब्यवस्थापन गरेको तथा विद्यालयको भौतिक सुरक्षाको लागि ५ वटा विद्यालयहरूमा स्थाई घेरावेरा गरेको तथा ४ वटामा अस्थाई रुपमा घेरा वेरा गरेको पाइयो । बिद्यालय सुधार योजनाको कार्यान्वयनको अनुसार भौतिक ब्यवस्थापनमा सरोकारवालाहरूको भुमिका राम्रो रहेको पाइयो ।

### ४.१.२ विद्यालयको शैक्षिक ब्यवस्थापन

#### प्रभावकारी शिक्षण प्रक्रिया

शिक्षणका लागि शिक्षक, विद्यार्थी र विषयवस्तु मूल कुरा भएतापनि भौतिक पक्ष, विद्यालयको शैक्षिक वातावरण, खेलमैदान, कक्षाकोठाको सजनवट, हरियाली वातावरण र सरसफाईको लागि विद्यार्थी केन्द्रित विधीहरू जस्तै छलफल विधी, समस्या सामाधान विधी, प्रशनोत्तर विधी, प्रयोगात्मक विधि, प्रदर्शन विधी तथा बालमैत्री शिक्षण विधीबाट शैक्षिक वाताबरण रमाईलो , प्रभावकारी र दिगोपनका लागि मुख्य भुमिका खेल्दछ । यसैगरी विद्यालयका विद्यार्थी -विद्यार्थीविच शिक्षक- शिक्षकविच सम्बन्ध सौहादपूर्ण भएको पाइयो । शिक्षक र विद्यार्थी दुवैले आचारसंहिता अनुसार अ-आफ्नो भुमिका निर्बाह गरेर विद्यालयको वातावरण तथा शैक्षिका सुधार निरन्तर गरेको पाइयो ।

#### ब्यवस्थित रुपमा परीक्षा प्रणालीमा सुधार

विद्यालयमा संचालन गरिने विभिन्न प्रकारका परीक्षाहरू मुन्यांकनका साधनहरू अर्न्तगत विद्यालयमा संचालन गरिने परिक्षा प्रणाली मुल्यांकान अर्न्तगत पर्दछ । विद्यालय मार्फत विद्यार्थीको उपलब्धि जाँच्न तथा लेखाजोखा गर्दै उनीहरूको स्तर (कक्षा) पास गर्नको लागि लिने निर्णयात्मक परिक्षा अन्तर्गत बार्षिक परिक्षा पर्दछ । परिक्षा संचालनको क्रममा सही मूर्ल्याकन गर्ने परिक्षा ब्यवस्थित रुपमा संचालन गरेको पाइयो । यसमा सरोकारवाला पक्षहरू वि.ब्य.स., शिक्षक, प्र.अ., विद्यार्थी, स्रोतब्यक्तिहरू परिक्षा प्रणालीलाई मार्यादित र स्तरीय वनाउन सक्रिय भुमिका गरेको पाइयो । विद्यालयको परिक्षाको नतिजा कमजोर भएको खण्डमा सरोकारवाला निकायहरू पनि चासो लिएको पाइयो । अध्ययन गरिएको विद्यालयरुमा ६ वटा विद्यालयहरूले २०७० सालको बार्षिक परिक्षाको नतिजा अभिभावक भेला गरि नतिजा प्रकाशन गरेको पाइयो । विद्यार्थीको निरन्तर जाँचको लागि ५

वटा विद्यालयहरूमा निरन्तर मुल्यांकन प्रणाली पनि लागु गरेको पाइयो यस निरन्तर मुल्यांकन प्रणालीले विद्यार्थीको निरन्तर उपस्थितिमा तथा सिकाई उपलब्धिमा पनि प्रगति गरेको पाइयो ।

**शैक्षिक सुधारमा स्रोत केन्द्रको भुमिका**

विद्यालय सुधार योजनाको निर्माण, कार्यान्वयन र अनुगमन निरिक्षणमा स्रोतकेन्द्रको भुमिका गौण तथा तथस्ट देखिन्छ । आफ्नो स्रोतकेन्द्र मातहतका कुन कुन विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरे ? कुन कुन निर्माण गर्ने क्रममा छन ? कतिले निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था के छ ? विद्यालय सुधार योजनाको निर्माणमा स्रोत केन्द्रको भुमिका के छ ? भन्ने सवालमा स्रोत केन्द्रहरू मौन रहेको अवस्था छ । जसवाट विद्यालय सुधार योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने समस्या खडा भएको छ । विद्यालयले आफनै हिसावले गरेको विद्यालय सुधार योजनाको कार्यान्वयन मात्र प्रगतिको विद्यालयको सरोकारवालाहरूको भनाई रहेको पाइयो ।

**शैक्षिक सुधार र गुणस्तरका सन्र्दभमा विद्यालय सुधार योजना (योजना । कार्यक्रम) कायान्वयन नहुनु ।**

विद्यालय नियमित पठन पाठनलाई प्रभावकारी रुपमा संचालन गरी शैक्षिक सुधारको अभिवृद्धि गर्दै गुणस्तर कायम गर्ने सवालमा विद्यालय खुल्ने दिन, कक्षा संचालन हुने दिन जस्ता सामान्य क्रियाकलापहरू शैक्षिक गुणस्तर कायम गर्ने सहयोगी अन्य क्रियाकलापहरूको लागि निश्चित योजना कार्यक्रम विद्यालय सुधार योजनामा भएपनि त्यस अनुसार योजना कार्यान्बयनमा ल्याइएको देखिदैन । योजना कार्यान्वयन नगर्नुको कारण विद्यायको शैक्षिक गुणस्तर प्रति विद्यालयका प्र.अ. तथा शिक्षकहरू सक्रिय भुमिकामा अभाव देखियो ।

**४.१.३ विद्यालयको सामाजिक ब्यवस्थापन**

**समुदाय परिचालन अवस्था**

विद्यालयको लागि आवश्यक कार्यक्रम सम्पन्न गर्न समुदाय परिचालन गर्न नसक्नुले समुदाय परिचालनबाट सम्पादन हुन सक्ने कार्यहरू पनि हुन नसकेको अवस्था छ । विद्यालयमा राजनैतिक हिसावले विद्यालयहरूमा अन्तरिक द्वन्द्वका कारण समुदायलाई परिचान गर्नको लागि असजिलो

वातावरण रहेको पाइयो जस्ले गर्दा समुदाय तथा विद्यालयको सुमधुर सम्वन्ध हुनमा कठिन रहको पाइयो ।

### गाउँ शिक्षा समिति गठन नहुनु

निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयनको अनुगमन निरीक्षण गर्ने मुख्या निकाय गाउँ शिक्षा समितिको प्रवधान भए पनि हालसम्म गाउँ शिक्षा समिति निर्माण नभएको हुदाँ विद्यालय सुधार योजनाको कार्यन्वयन पक्ष फितलो हुन गएको छ । विद्यालयहरूको आफनै विद्यालय ब्यवस्थापन समिति नहुदाँ एउटा गा. बि.स. मा कम्तीमा ३ वटा भन्दा बढि विद्यालयहरू भएको हुदाँ समन्वयको अभावका कारण तथा गा. वि.स.मा स्थानीय पदाधिकारीहरूको अनुपस्थितिको कारण गाउँ शिक्षा समितिको गठन नगरेको पाइयो ।

### छलफल, विचार विमर्श र राय सुझवको निचोडको रुपमा विद्यालय सुधार योजना नआउनु तथा अधावधिक नगरिनु

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको विभिन्न चरणमा पर्याप्त सहभागितामूलक छलफल, विचार विमर्श र राय सुझावहरूको संकलन र विश्लेषणको निचोड विद्यालय सुधार योजना नहुनेले कार्यान्वयनको प्रभावकारीता ल्याउन कठिनाइ पैदा भएको छ । निर्मित विद्यालय सुधार योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने पक्षमा न विद्यालय प्रशासन, विद्यालय ब्यवस्थापन प्रतिवद्ध छ नत विद्यालयहरूलाई निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन तर्फ उन्मुख गराउन जिल्ला शिक्षा कार्यालयमा पेश गरे प्र.अ. र वि. ब्य. स. अध्यक्षले आफ्नो दायित्व पूरा भएको ठन्ने गर्नुले विद्याय सुधार योजनाको कार्यान्वयन पक्षलाई गौण वनाईएको छ । विद्यालय सुधार योजना क्रमागत योजना भएकाले प्रत्येक आ.व. को अन्तमा संचालिन कार्यहरूको विवरण योजनावाट हटाई थप अर्को वर्षको लागि वजेट र कार्यक्रम प्रस्तावित नहुनाले सम्पादित कार्यहरू सम्पादन गर्न बाँकी कार्यहरू र थप गरीएका कार्यहरू वारे जानकारी प्राप्त हुन नसकी कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्न सकेको छैन ।

### पृष्टपोषण, आवधिक समीक्षा तथा समन्वयको कमी

विद्यालय सुधार योजनामा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयनवाट प्रप्त उपलब्धि, कार्यान्वयनमा देखिएका कमीकमजोरीहरू र सुधार गर्नुपर्ने पक्षहरू सम्बन्धमा कार्यान्वयन गर्ने निकाय अनविज्ञ रहन गई कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्न सकिएको देखिदैन । विद्यालय सुधार योजनामा

विद्यालयको लागि गरिनु पर्ने कार्यक्रमको लागि उल्लिखित कार्यक्रमका लागि आबश्यक स्रोतको रुपमा विभिन्न निकायहरूको नाम उल्लेख गरिएको भए पनि योजना निर्माण पश्चयात ति कार्यालय, निकायहरूसंग विद्यालय प्रशासनले समन्वय गरी सहोग जुटाउने तर्फ प्रभावकारी रुपमा भुमिका निभाउन सकेको देखिदैन। विद्यालय सुधार योजनामा प्रस्तावित कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारिता र कार्यान्वयनमा देखिएका कठिनाहरूको विषयमा आबधिक समीक्षा नहुनुजेल कार्यक्रम कार्यान्वयनको स्थिती सरोकारवालाहरूलाई वोध हुन नसकी कार्यान्वयन पक्षमा थप सुधार हुन सकेको देखिदैन।

### ४.१.४ विद्यालयको आर्थिक ब्यवस्थापन

**योजनामा उल्लेखित उद्देश्य कार्यक्रम र वजेट महत्त्वाकांछी हुनु**

योजना कार्यान्वयनमुखी भन्दा योजनामुखी भई जिल्ला शिक्षा कार्यालयलाई मात्र वजेटको प्रमुख स्रोत वनाई ठुलो परिणाममा बजेटको अपेक्षा गरेको कारण पर्याप्त वजेट प्रप्त नहुदाँ कार्यान्वयनमा कठिनाई सिर्जना हुन गएको देखिन्छ। विद्यालयको श्रोत तथा आम्दानीको सहि विश्लेषण नगरिकरन हचुवाको भरमा बजेट योवना बनाउनु तथा त्यस अनुसार विद्यालयको योजना कार्यान्वयनमा गर्दा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाई हुन गएको पाइयो।

**विद्यालय सुधार योजना अनुदानको दुरुपयोग हुनु**

प्रति विद्यार्थी रु ३०० का दरले प्रत्येक विद्यार्थीका लागि एक सेट नयाँ पाठयपुस्तक नजिकका साझा प्रकाशनका वितरकवाट खरिद गरी वितरण गर्ने र वाँकी पैसा विद्यालय सुधार योजनामा उल्लिखित प्राथमिकताक्रम अनुसारका कार्यक्रममा खर्च नगरी दुरुपयोग नगरेको देखिन्छ। जसो हुनुमा प्रथमत अनुदान निकासा दिने निकायवाट पारदर्शीता ढंगले उक्त बजेट खर्च गर्ने तर्फ आवश्यक निर्देशन, परिपत्र र निकासा अनुदान गुपचुपमा राखी दुरुपयोग गर्ने सोचमा विद्यालयका प्र.अ. र अध्यक्ष कसरत गरिरहेका देखिन्छन्।

**स्थानीय स्तरमा श्रोतको खोजी र परिचालन हुन नसक्नु**

विद्यालय सुधार योजनामा उल्लिखित कार्यक्रमहरू स्थानीय स्रोतको खोजी गरेर सो स्रोतको परिचालनबाट प्रभावकारी रुपमा सम्पादन गर्ने प्रयत्नमा विद्यालय प्रशासन देखिदैन। विद्यालय विश्वस्त पनि छैनन्।

**विद्यालय सुधार योजनामा आधारित रहेर अनुदान निकासा नहुनु तथा कार्यक्रम वितरण नहुनु**

विद्यालय सुधार योजनामा आधारित रहेर अनुदान दिने हौवा फिजाएर जिल्ला शिक्षा कार्यालयले विद्यालयलाई योजना वनाउन लगाएको भए पनि सो आधारमा आलसम्म निकासा दिने प्रचलन शूरु भएको छैन । नत विद्यालयहरूले निर्माण गरेका विद्यालय सुधार योजनाहरूको अभिलेख ब्यवस्थापन गर्ने, विद्यालयहरूको समस्था आवश्यकता प्रथमिकीकरण गर्ने निर्मित विद्यालय सुधार योजनाको अध्ययन गरी कमीकमजोरी के लाई दिएर सच्याइ पेश गर्ने लगाउने । योजनाको कार्यान्वियन अवस्थाको अनुगनम निरीक्षण भरी पृष्ठपोषण प्रदान गर्ने । विद्यालय सुधार योजना कार्यान्वियन र अद्यावधिक गर्ने सम्वन्धमा प्रर्याप्त तालिम नै प्रदान गर्ने ब्यवस्था गरेको छ ।

जिल्ला शिक्षा कार्यालयले विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वियनमा खेलेको भुमिका अपर्याप्त एवं निष्प्रभावी छ । आफुलाई आवश्यक परेको वेलामा विद्यालयहरूलाई योजना निर्माण गरी पेश गर्ने ह्वीप जारी गर्ने तर विद्यालयहरूले योजना निर्माण गरी पेश गरिसके पश्चयात, त्यसको प्रतिकृया नगर्ने कार्यालयमा उपल्ब्ध विभिन्न कार्याक्रमहरू मनोमानी ढंगले वितरण गर्ने संस्कारले विद्यालय सुधार योजनाको कार्यान्वियनमा प्रभावकारीता आउन सकेको छैन ।

**पर्याप्त बजेट विनियोजन नहुनु**

बिद्यालय सुधार योजनामा उल्लेख गरिएका कार्यक्रमहरूको लागि प्रस्ताव गरिएको वजेटको स्रोतको रुपमा विद्यालयले जिल्ला शिक्षा कार्यालयलाई राख्नु र जिल्ला शिक्षा शिक्षा कार्यालयले प्रस्ताव गरिएको वजेट विद्यालयलाई उपल्बध गराउन नसक्नुले योजना कार्यान्वियन पक्ष निष्प्रभावी हुन पुगेको छ ।

**सम्बन्धित निकायवाट निर्मित योजनाको कार्यान्वियनतर्फ कुनै प्रतिक्रिया नहुनु**

विद्यालय सुधार योजनाको निर्माण गर्ने क्रममा जिल्ला शिक्षा कार्यालयले अल्टिमेटम सहितको सूचना प्रकाशन गर्ने तर विद्यालय सुधार योजना निर्माण गरी कार्यालयमा पेश गरीसके पश्चयात उक्त योजनालाई कार्यान्वियन तर्फ अग्रसर गराउने पृष्ठपोषण दिने र पर्याप्त स्रोतको ब्यबस्थापनमा सहयोग गर्ने कार्यमा कार्यालयले कुनै प्रतिक्रिया नदिनुले सम्बन्धित पक्षमा नैराश्यता उत्पन्न हुन गएको देखिन्छ ।

### जि. शि. का. र गा.वि.स. मा विद्यालय सुधार योजना प्रथमिकताको विषय नबन्नु

वजेट तथा कार्यक्रमको विनियोजन हुने क्रममा विद्यालय सुधार योजनामा उल्लिखित योजना तथा कार्यक्रमको कार्यान्वयनमा आवश्यक वजेट विनियोजनका लागि गाउँ परिषदमा परिषदका सदस्य र जिल्ला शिक्षा कार्यालयमा जिल्ला शिक्षाका कर्मचारीहरूको र विद्यालयमा विद्यालयका पदाधिकारी, शिक्षाक सवै कर्मचारीहरूको ध्यान आकृष्ट हुन सकिरहेको छैन । जसवाट विभिन्न जिम्मेवार व्यक्ति, निकाय वा संस्थाको लागि निर्मित विद्यालय सुधार योजना प्रथमिकताको विषय वन्न सकेको देखिदैन ।

### मुख्य प्राप्ति

बिद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था फितलो देखियो । विद्यालय सुधार योजना लाई कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायको कुनै ठोस कदम चालेको पाइएन । विद्यालय सुधार योजनामा भौतिक पक्षलाई वढि जोड दिएको पाइयो । तर शैक्षिक पक्षलाई कम प्राथमिकता दिएको पाइयो । प्रभावकारी शिक्षण प्रक्रिया तथा शैक्षिका सामग्रीहरूको न्युन प्रयोग गरेको पाइयो । विद्यालयमा समुदायको अर्थपुर्ण सहभागिता नरहेको पाइयो । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ भएतापनि सक्रिय रुपमा सहभागिता नरहेको पाइयो । गाउँ शिक्षा समितिको बारेमा कुनै पनि क्रियाकलापहरू नरहेको पाइयो । विद्यालयमा आर्थिक व्यवस्थापन पक्षमा जनसहभागिता र विद्यालयकृ आयश्रोत वृद्धिको लागि प्रभावकारी योजना तथा त्यस प्रतिको लगनशिलता कम भएको पाइयो । शिक्षा कार्यालयबाट आएका अनुदानहरूको पनि पारदर्शिता कम भएको पाइयो ।

### ४.२ विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिता

जर्ज इल्टन मायो भन्नुहुन्छ - संस्थागत कार्यकुशलताको प्राप्ती त्यही वेला संभव हुन्छ जतिवेला संस्थागत सम्वद्ध सरोकालवालाहरू संस्थाको योजना निर्माण देखि कार्यान्वयन प्रक्रियामा स्वःस्फुर्त ढंगले सहभागि हुन सक्दछ । यस सन्र्दभमा के अवस्था छ भन्ने तथ्यांक जनाकारीका लागि शोध अध्ययनको क्रममा बिद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन चरणमा तपाई संलगन हुनु भयो कि भएन ? भन्ने प्रश्न ८ जना विद्यार्थी ८ जना अभिभावक ८ जना बि.ब्य.स. ८ जना शिक्षक ८ जना अभिभावक तथा जिल्ला शिक्षा कार्यालको प्रमुख लयागतका ब्यक्तिहरूलाई सोधेको थियो । १२ जनाले थाहा पाएको भएपनि आफूलाई संलग्न नगराईएको गुनासो गरेका थिए भने ३ जनाले मात्र निर्माण र कार्यान्वयन प्रक्रियामा सक्रियता पुर्वक लागेको बताएका थिए ।

सरोकारवालाहरूको योजना निर्माण चरणमा न्यून सहभागिता रहन गएकोले प्र.अ. अर्थात शिक्षक एकजनाले मात्र योजना निर्माण जस्तो कार्य सम्वन्न गरेको थियो । त्यस कारणले योजना कार्यान्वयन चरणमा पर्याप्त सहभागिता देखिएको पाइएन । योजना कार्यान्वयनका पक्षको अनुगमन गर्न अभिभावक, समुदायको भुमिकालाई प्रथमिकता नदिएको योजना समिक्षा पर्याप्तरुपमा नदेखिएको यसरी हेर्दा योजनाको निमाण पछिका विभिन्न चरणहरमा सहभागी संख्या घट्दै गएको देखिन्छ र साररुपमा हेर्दा योजनाले सहभागीतालाई उपेक्षा गरेको भन्ने हुन्छ । विद्यालय सुधार योजनाका कार्यान्वयन विधि र प्रक्रियाबाट प्रष्ट हुन्छ कि विद्यालय सुधार योजनाको कार्यान्वयन हुने क्रममा सरोकारवालाहरूको पर्याप्त सहभागिता छैन । विद्यालयका आवश्यकता र समस्याहरू वैज्ञाणिक ढंगले पहिचान गरिएको छैन । विद्यालयका आवश्यकता र समस्याहरू वैज्ञानिक ढंगले पहिचान गरिएको छैन । तार्किक विधिवाट समस्याहरूको प्राथमिकीकरण भएको छैन । योजनाको उद्देश्य, कार्यक्रम र रणनिती र अनुगमन योजनाबीच तालमेल देखिँदैन । विद्यालयको आवश्यकता र समस्यावाट नभएर उपल्लो निकायको आदेश निर्देशन र ताकेता भए पश्चात टाउको जोगाउने उद्देश्यले मात्र योजना हतारमा तयार पार्ने काम भएको देखिन्छ । योजनामा समावेश गरिएका कार्यक्रमहरूको कायान्वयनका लागि उल्लिखित बजेटका स्रोतहरू प्राप्त हुने कुरामा विश्वास गर्न सकिदैन । विद्यालय सुधार योजनाको कार्यान्वयनमा देखिएका सरोकारवालाहरूको सहभागिता निम्न अनुसार उल्लेख गरिएको छ ।

**प्रधानाध्यापक**

विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवाला पक्षहरू मध्ये प्रधानाध्यापकको स्थान महत्वपूर्ण देखिन्छ । विद्यालय व्यवस्थापन समितिको सचिव पदमा अनिर्वाय रहने व्यवस्था शिक्षा ऐन र वियमावलीले गरेतापनि समितिले गरेको निर्णय कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी प्र. अ. को नै हुन्छ । अध्ययन गरिएको विद्यालयहरूमा विद्यालय सुधार योजनाको कार्यान्वयन गर्ने कार्यमा प्र. अ. को सक्रियता बढेको पाइयो । विद्यालयको लागि श्रोत र्सकलन तथा विद्यालयको शैक्षिक, भौतिक र आर्थिक व्यवस्थापनमा प्रमुख भुमिका खेलेको पाइयो । प्रधानाध्यापकले विद्यालयको प्रशासनिक कार्यको साथसाथै विद्यालयमा शिक्षण गर्ने पेशामा पनि रहेको पाइयो तगा समाजका ब्यक्तिहरू तथा अन्य सरोकारवालाहरू संगको पनि राम्रै समन्वय गरेको पाइयो ।

**विद्यालय व्यवस्थापन समितिका अध्यक्ष**

शिक्षा ऐन अनुसार विद्यालय व्यवस्थापन समितिमा १० जना सदस्यहरू हुनुपर्नेमा सम्वन्धित विद्यालयको वडा अध्यक्ष पदेन सदस्य हुने व्यवस्था भए अनुसार स्थानीय निर्वाचन प्रक्रिया अवरुद्धका कारण समितिमा ९ जनालाई नै आधार लिइएको छ। विद्यालय व्यवस्थापन तथा विद्यालय सुधार योजना कार्यान्वयन गर्ने प्रक्रियामा सक्रिय रहेको पाइयो । विद्यालय सुधार योजना अनुसार वजेट तथा श्रोतहरू नभएकाले निर्मित योजना अनुसारको क्रियाकलापहरू गर्न कठिनाई रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको भनाई रहेको थियो। विद्यालयको शैक्षिक गुणस्तरियता भन्दा विद्यालयको भौतिक व्यवस्थापनमा बढि जोड दिइएको पाइयो । विद्यालय व्यवस्थापन तथा विद्यालयको विद्यलय सुधार योजना अनुसारको कार्यक्रम गर्न नसकिएको तथा योजना नै वास्तविकतामा आधारित नभएको पाइयो । विद्यालय सुधार योजनाको कार्यान्वयन गर्नको लागि पहल गरीरहेपनि योजना अनुसारको आबश्यक श्रोतहरू नभएकोले विद्यालयमा आबश्यक शैक्षिक तथा भौतिक विकास गर्नको लागि अप्ठयारो रहेको विद्यालय ब्य.स.का अध्यक्षहरू बताउछन् । श्री मा.वि. चन्द्रोदयपुर विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम कुमार महराका अनुसार विद्यालयलाई पलस टु चलाउने योजना भएअनुसार आर्थिक तथा जनशक्तिका कारण योजना कार्यान्वयन गर्न नसकेको कुरा बताउनु भयो ।

**शिक्षक / शिक्षिका**

विद्यालयको शैक्षिक क्रियाकलापमा प्रमुख रुपमा भुमिका खेल्ने तथा शिक्षाको गुणस्तर, विद्यालयमा पठन पाठन इत्यादी कुराहरूका लागि महन्वपुर्ण रुपमा रहेको छ । विद्यालयको शैक्षिक क्रियाकलापहरूको लागि तथा विद्यालयमा निर्मित सुधार योजनाको निर्माण प्रक्रिया साथसाथै कार्यान्वयन प्रक्रियामा पूर्ण रुपले सक्रिय नगेको पाइयो। विद्यलायका शिक्षण गर्न भन्दा विद्यालयमा शिक्षकहरूमा पठन पाठनमा चासो कम तथा अन्य विद्यालयको क्रियाकलापमा वढि गरी जागीरे पेशा जस्तो लाग्यो । विद्यालयमा सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त रहेको पाइयो तथा शैक्षिक हिसावले पनि विद्यालयमा वालमैत्री बातावरणमा शिक्षण गरेको पाइयो।

**विद्यार्थी**

सामुदायिक विद्यालयमा बिद्यार्थीको उपस्थिति दर न्युन रहेको पाइयो । विद्यालयमा विद्यालयको सुधार योजना कार्यान्वयन प्रक्रियामा विद्यार्थीहरूको सहभागिता न्युन रहेको पाइयो बिद्यार्थीहरूका

विद्यालयको सुधार योजना प्रति ज्ञान तथा धारणाको पनि कमि रहेको पाइयो । विद्यालयमा विद्यालय सुधार योजना बनाउँदा देखि विद्यालय सुधार योजनाको कार्यान्वयनमा सहभागीता पनि नगराईएको पाइयो । श्री रा. प्रा. वि. पक्कीटोलको विद्यार्थी दिनेश सदायका अनुसार विद्यालय सुधार योजना कार्यान्वयन गर्ने क्रममा हामीलाई केही थाहा हुदैन तथा विद्यालयका अतिरिक्त क्रियाकलाप बहेकका कार्यहरूमा हामी विद्यार्थीहरूलाई सहभागिता नै गराउदैन भन्ने कुरा बताउनु भयो ।

**स्रोतब्यक्ति**

बिद्यालयको सुधार योजनाको निर्माण देखि कार्यान्वयन प्रक्रियामा प्रमुख भुमिका रहेको  हुन्छ । विद्यालयहरूको रेखदेख, शैक्षिक सामग्रीको रेखदेख, शिक्षकहरूको सेवामुलक तालिम, प्रभावकारी शिक्षण सिकाई, अनुगमन, मूल्यांकन र प्रतिवेदनहरू तथारी गर्ने गराउने लगायत सूचना संचारकर्ताको रुपमा लिइन्छ । विद्यालय सुधार योजनाको कार्यान्वयन गर्नका लागि श्रोतब्यक्तिहरू निरन्तर रुपमा रहेको पाइन्छ । श्रोत ब्यक्तिले माथिल्लो निकायवाट प्रप्त नीति निर्देशन आफ्नो श्रोत केन्द्र अर्न्तगत रहेका विद्यालयहरूको हस्तान्तरण गर्न समय समयमा प्र.अ. वैठकको आयोजना गरी कार्याक्रम कार्यान्वयन गर्ने गर्दछ । जि.शि.का वाट प्राप्त निर्देशन अनुसार प्रतिवेदन, तयारी गर्ने गर्दछ ।

**जिल्ला शिक्षा अधिकारी तथा कार्याक्रम अधिकृत**

जिल्लको बार्षिक शैक्षिक कार्यायोजना अनुसार जिल्लाका विद्यालयहरूमा निरन्तर रुपमा विद्यालयमा कार्यक्रम संचालन गर्ने गर्दछ । जिल्ला शिक्षा कार्यालयले शिक्षामा जिल्ला कार्यक्रम कार्यान्वयन गर्ने निकाय हो । जिल्लाको शिक्षा योजना अनुसार नै निरन्तर कार्यक्रम संचालन गर्छ । विद्यालयमा बिद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनका लागि आवश्यक बजेट पनि उपलब्ध गराउँछ । विद्यालयमा विद्यालय सुधार योजना अनुसार कार्यक्रम संचालन तथा निरन्तर विद्यालयको अनुगमन गर्ने कार्य गर्ने गर्दछ । जिल्ला शिक्षा कार्यालयले विद्यालयको सुधार योजना लाई कार्यान्वयन गराउन जिल्लामा ११ वटा श्रोत केन्द्रहरूको विकेन्द्रिकरण अनुसार निर्देशन दिइदैआएको छ । जिल्लामा विद्यालय सुधार योजना अनुसार कार्य गर्ने विद्यालहरूको राम्रो मुल्यांकन गरी विद्यालयमा काम गर्न वातावरणको लागि राम्रो उपलब्धि हासिल गर्ने विद्यालयहरूमा थप सुबिद्याहरूको पनि ब्यवस्था गरेको पाइयो । जिल्ला शिक्षा कार्यालयले विद्यालयको विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्रोतकेन्द्र स्तरीय तथा विद्यालयका विद्यलयको विद्यालय सुधार योजनाको विद्यालय स्व-मुलयांकन गर्नको लागि ३ दिने तालिमको पनि आयोजना गराइयो जस्मा विद्यालयको विद्यालय सुधार योजना

कार्यान्वयन भएका पक्षहरूलाई पनि पुनरावलोकन गर्न मौका पाइयो तथा पुनः योजना बनाउनको लागि पनि अवसर प्रदान गराइयो । जिल्ला शिक्षा अधिकारी श्री दिलिप ठाकुरका अनुसार जिल्लामा विद्यालय सुधार योजनाको कार्यान्वयन पक्ष सन्तोषजनक रहेको तथा यसमा पनि सुधार गर्नुपर्ने कुरा बताउनु भयो । अझ विद्यालय सुधार योजना बनाउन तथा कार्यान्वयनको लागि स्थानीय स्तरवाट नै निरन्तर लाग्नु गर्ने तथा योजना वास्तविकतामा आधारीत रहेर बनाउनु पर्ने तथा निरन्तर सरोकारवालाहरूको सहयोगमा विद्यालय सुधार योजनाको कार्यान्वयन गर्न अनुगमन गर्नुपर्ने कुरा बताउनु भयो । शिक्षामा देखिएका राजनैतिक तथा विद्यालय ब्यवस्थापन समितिको गठन तथा अराजक्ताको परिस्थितिका कारण पनि शिक्षामा गुणस्तर कम भैरहेको पाइयो ।

**मुख्य प्राप्ति**

विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रियामा सरोकारवाला निकायहरूको चासो तथा सहभागिता न्युन रहेको पाइयो । विद्याल ब्यवस्थापन समितिले यसलाई अर्थपुर्ण तरिकाले प्रयोग गरेको पाइएन । योजना निर्माण गर्दा खेरीनै विद्यालयको बार्षिक अनुदान लिनको लागि हचुवाको भरमा विद्यालय सुधार योजनाको निर्माण गरेको पाइयो । योजनाको कार्यान्वयनको लागि कुनै ठोस कदम चालेको पाइएन । जिल्ला शिक्षा कार्यालयवाट विद्यालय सुधार योजना शिर्षकमा वजेट निकासा गरे पनि त्यस अनुसारको योजना निर्माण तथा कार्यान्वयन गरेको छ कि छैन त्यसको अनुगमन गरेको पाइएन ।

**४.३ विद्यालय सुधार योजना कायान्वयनका तहमा आईपरेका समस्याहरू**

विद्यालय सुधार योजना निर्माणका लागि प्रष्ट निर्देशन, कार्यक्रम सिमा विद्यालय सुधार योजना तथा कार्यान्वयन पश्चयात विद्यालयलाई प्रप्त हुने कार्यक्रम र कार्यक्रम र कार्यक्रमको सम्बन्धमा विद्यालयहरूलाई जानकारी प्राप्त नहुँदा योजना कार्यान्वयनमा देखिएका सम्मयाहरू अन्यौलता देखिएको छ ।

**विद्यालय सुधार योजना कार्यान्वयनमा तत्परताको कमी**

विद्यालय सुधार योजना कार्यान्वयनका लागि आवश्यक भएको वोध तथा ज्ञान सम्वन्धित पक्षलाई नहुन सक्दा र हालसम्मको योजना कार्यान्वयन थन्किने संस्कारले यो पनि त्यही प्रक्रियाको पुनरावृत्ति भएको आशंका गर्दै विद्यालय सुधार योजना कार्यान्वयनमा सरोकारवालाहरूको तत्परताको कमी रहेको पाइयो ।

**विद्यालय सुधार योजना निर्माण कार्यमा सम्बन्धित पक्षलाई प्रविधिक सेवाको अभाव**

विद्यालय सुधार योजना निर्माणको क्रममा देखिएका अन्यौलता अन्त गरी बस्तुगत योजना निर्माण गर्ने विद्यालय सुधार योजना निर्माणमा संलग्न प्र.अ.,वि.ब्य.स. शिक्षक, अभिभावकलाई नजिकमा रहेर प्राविधिक सेवा सल्लाह उपलब्ध हुन नसक्नाले प्रभावकारी रुपमा योजना निर्माण गर्न कठिनाई उत्पन्न भएको पाइयो ।

**वजेट केन्द्रित योजना तथा योजना पर निर्भर हुनु**

वजेट मागेर पाइन्छ भन्ने मानसिकता राखेर सकेसम्म धेरै वजेट मागेर योजना वनाईनुले योजनाको वस्तुगत पक्षलाई ओझेलमा पारेको देखियो ।योजनामा उल्लिखित कार्यक्रमहरूको लागि आवश्यक पर्ने वजेटको स्रोत सवै वाह्य रहनुवाट योजनाले वाह्यि स्रोतवाट रकम उपलब्ध भएमा कार्यान्वयन हुन सक्ने उपलब्ध नभएमा थनकिने तथ्य स्वीकारेको छ ।

**संस्थागत रुपमा विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन गर्न प्रयत्न नहुनु**

बृहत छलफल विचार विमर्शवाट औपचारिक रुपमा विद्यालय सुधार योजना निर्माण समिति गठन गरी सो समितिवाट वस्तुगत ढंगले विद्यालय सुधार योजना निर्माण कार्य हुन नसक्नुले आवश्यकतामा आधारित योजना निर्माण हुन नसकेको यर्थाथता देखिन्छ ।

**राय, सुझव संकलन नहुनु**

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनका लागि विद्यालयको समस्या पहिचान र समाधानका उपायहरू प्रस्तुत गर्ने प्रयोजनका लागि विज्ञ समुदाय, उपल्बध प्रतिष्ठित महानुभाव, चन्दादाता, शिक्षक, अभिभावक र विद्यार्थीबाट राय सुझव संकलन गरी विद्यालयका आवश्यकता पहिचान गर्दै समाधानका उपायहरू सुल्झाउनु पर्नेका सो नभएको देखिन्छ ।

**तथ्यांङ्क विश्वसनीय र बैध नहुनु**

विद्यालय सुधार योजनामा समावेश गरिएका विभिन्न तथ्याङ्कहरूको वैधता र विश्वसनियता परीक्षण गर्दा एकरुपता देखिदैन । यसरी गलत तथ्यांङ्कको सपोर्टमा निर्माण गरिएको योजना प्रभावकारी रुपमा कार्यान्वयन हुने कुरामा विश्वस्त अुने ठाउँमा देखिदैन ।

**शैक्षिक गुणस्तर र सुधारको पक्षमा योजना मौन**

विद्यालय सुधार योजनाले भौतिक निर्माण पुनः निर्माण र सुधारको पाटोलाई मात्र बढी केन्द्रित गरेको पाइयो भन्ने शैक्षिक गुणस्तर र सुधारको विषयमा खास कार्यक्रम योजनाले समेटन नसकेको पाइयो ।

**योजना कार्यान्वयन अवधीमा समन्वयको अभाव**

योजना कार्यान्वयनमा विभिन्न प्रकारले (अनुदान, सहयोग, ऋण सहयोग, प्रविधिक सहयोग) सहयोग गर्ने निकायवीच समन्वय र छलफल हुन नसकी योजना कार्यान्वयनको क्रममा थप जटिलताहरू उत्वन्न हुन सक्ने देखिन्छ ।

**अन्य विद्यालयको योजना नक्कल गरी विद्यालय सुधार योजना वनाइनु**

योजना निर्माणका लागि प्रविधिक दक्षता र पर्याप्त समयको उपलब्धताको साथ साथै सरोकारवालाहरूमा चासोको अभाव रहन गएको  उपल्बधताको साथै सरोकारवालाहरूमा चासोको अभाव रहन गएको देखियो भने अर्को तिर जिल्ला शिक्षा कार्यालयले तत्काल योजना निर्माण गरी पेश गर्ने निर्देशन गर्दा प्र. एवम् शिक्षकहरूले रातारात अर्को विद्यालयको सुधार योजनाको फरम्याट फोटोकपी गरेर सरसती आफ्नो विद्यालयको विवरण भरी पेश गरेबाट योजनाले स्थानीय आवश्यकता मौलिकता समेटन नसकेको देखिन्छ ।

**मुख्य प्राप्ति**

विद्यालय सुधार योजनाको कार्यान्वयन तहमा बिभिन्न प्रकारका समस्याहरू पाइयो । विद्यालय व्यवस्थापन समितिको चासो कम भएको, योजनाका लागि योजना बनाएको र सरोकारवाला निकायको राय सल्लाह विना नै योजना बनाएको पाइयो । योजना बनाउँदा तथ्यांक विश्वसनीय नभएको र योजना कार्यान्वयन अवधीमा समन्वय पनि नगरेको पाइयो । विद्यालय सुधार योजना वनाउदा अरुको नक्कल गरेर वनाउने वनाउने गरेको पाइयो ।

**४.४ विद्यालय सुधार कार्यन्वयनमा देखिएका समस्याको समाधानका उपायहरू**

विद्यालय सुधार योजनाको कार्यान्वयन तहमा देखिएका समस्याहरू सामाधान गर्न के गर्नु पर्ला भन्ने जिज्ञासाका जिल्ला शिक्षा अधिकारीका अनुसार पहिलो कुरा विद्यालय प्रशासन र विद्यालय व्यबस्थापन समितिले आफैले निर्माण गरेको योजनाको पुनरावलोकन गर्नु पर्‍यो, योजनामा समावेश

गरिएका कार्यक्रमहरू मध्ये के कति सम्पादा भए, कति सम्पादन हुन बाँकी छन, सम्पादन हुन नसकेका कार्यक्रमहरू किन सम्पादन हुन सकेनन् सोको पहिचान गर्नु पर्‍यो । अनि मात्र सम्पन्न हुन बाँकी कार्यक्रमहरू सम्पादन गर्न स्पष्ट कार्य योजना, स्पष्ट कामको वाँडफाँड गरी सोको आधारमा कार्यान्वयनमा अग्रसर हुनु पर्‍यो साथै अनुगमन संयन्त्रलाई पनि कामकाजी वनाउनु पर्‍यो ।

योजना कार्यान्वयन गर्ने प्रयत्न गर्दा गर्दै पनि स्रोत साधनको अभावले कार्यान्वयन गर्न नसकिएको हुदाँ योजनामा माग भए अनुसारको वजेट जि.शि.का. ले उपलब्ध गराउनु पर्ने हुन्छ । योजना कार्यान्वयत तहमा विभिन्न समस्याहरू छन् । स्थानीय स्तरमा योजना वनाउने र सोको कार्यान्वयन गराउने अभियानको पनि प्ररम्भ भएको छ । योजना निर्माण र कार्यान्वयन तहमा देखिएका समस्या ब्यक्ति विषेशको पहलमा मात्र सामधान गर्न सकिदैन । मानवीय समबन्धको सिद्धान्त अनुसार संस्थामा कार्यरत कर्मचारीहरू बीच सुमधुर समवन्ध कायम गर्दै सामुहिक प्रयन्त गरे समस्याको तार्किक समाधान निकाल्न सकिन्छ । टेलरका अनुसार वैज्ञानिक ब्यवस्थापन, मुल्यांकन र प्रयत्नवाट कार्य गर्न सके सहज र सरल समाधान निकाल्न सकिन्छ ।

यस जिल्लाका विभिन्न विद्यालयहरूले विद्याल सुधार योजना निर्माणको विभिन्न चरणमा सम्पादन गरेका गतिविधिहरूको अध्ययन गर्दा विद्यालय स्तरमा विद्यालयका आवश्यकता, समस्याहरू स्थानीय स्तरमा सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा पहिचान गर्दै अधिकतम् उपलव्धी हासिल गर्न योजना निर्माण र कार्यान्वयन गर्ने प्रयासको थालनी गरेको छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय समुदाय, अभिभावक, विद्यार्थी लगायतका सरोकारवालाहरूको सहभागिता र संलग्नतामा योजना कार्यान्वयन जस्ता महत्वपुर्ण कार्यको  जिम्मेवारी र जवाफदेहिता वहन गर्न लगाउने निश्चय नै विद्यालयका हरेक क्रियाकलापमा स्थानीय समुदाय र सरोकारवालाहरूको सहभागिता र संलग्नता बढन गइ विद्यालयप्रति अपनत्वको भावना जगृत हुन पुग्छ । जसवाट विद्यालयको समग्र विकासमा टेवा पुग्न जान्छ ।

शोध अध्ययनको क्रममा सरोकारवालाहरूसंगको छलफल, अर्न्तवार्ता र प्रश्नावलीमा प्रस्तुत विचार र भावनाको आधारमा विद्यालय सुधार योजनाको कार्यान्वयनको क्रममा देखिएका समस्याहरू उल्लिखित समस्याहरूको समाधान गर्न सुझाइएका उपायहरू वस्तुगत ढंगले अध्ययन विश्लेषण गरी विद्यालय सुधार योजनाको प्रभावकारी ढंगले कार्यान्वयन गर्न निम्न अनुसारको उपायहरू सुझाईएको छ ।

**विद्यालय सुधार योजना प्रभावकारी रुपमा निर्माण हुन नसक्नुमा कस्को के कमजोरी रहेको छ समीक्षा गरी अघि वढ्नु पर्ने**

विद्यालय सुधार योजना निर्माण गरिसकेको अवस्थामा ती योजनाहरू योजनामै सिमित रहेका देखिन्छन् । योजना निर्माण पश्चयात योजनामा समावेश गरिएका कार्यक्रमहरू कति सम्पादन गरिए ? कति सम्पनदन गर्न वाँकी छन् । अदि विषयहरूले समीक्षा गर्दै अघि बढेको देखिदैन । योजना निर्माण गर्नुमै योजनाको सफलतालाई यसको कार्यान्वयन पक्षसंग जोडेर हेर्न सकेको छैन । अर्थात योजना निर्माताहरूले विद्यालय प्रशासानले र विद्यालय व्यवस्थापन समितिले जसोतसो जलश्रोत योजना निर्माण गरेर पेश गरेमा आफ्नो जिम्मेवारी पूरा भएको ठानेका छन् । जसवाट योजना निर्माता, विद्यालय प्रशासन र वि. व्य.स. योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दिशामा उन्मुख हुन सकेको देखिदैन भने अर्कोतिर योजना निर्माणको समयमा उल्लिखित कार्यक्रमहरूलाई विद्यालय र स्थानीय कार्यक्रमहरूलाई विद्यालय र स्थानीय समुदाय स्वयम्ले आवश्यक आर्थिक, भौतिक र मानवीय स्रोतको पहिचान संकलन र परिचालन गरी कार्यान्वयन गर्नु पर्ने तर्फ बोध गरिएन, योजना निर्माण गरेकोमा पुग्ने, अर्थात योजनालाई आवश्यक पर्ने बजेट जिल्ला शिक्षा कार्यालयले उपल्ब्ध गराउँछ भन्ने सोचवाट महत्वकांक्षी योजना, कार्यक्रम र वजेटको तर्जुमा हुन गएको देखिन्छ । जसले गर्दा कार्यान्वयन आशातित हुन सकेको छैन ।

यसरी योजनाको प्रभावकारी कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरू के - के हुन् ? योजनाको कुन पक्षमा काहाँ नेर सुधार गरेमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा स्थानीय समुदाय, शिक्षक, विद्यार्थी, अभिभावक, चन्दादाता लगायतका सरोकारवालाहरूको संलग्नता र सहभागीता, छलफल, विचार विमर्श गरी विद्यालय सुधार योजनालाई वस्तुगत ढंगले ब्यापक सहभागीता विद्यालयका आवश्यकता, समस्या पहिचान गर्ने, आवश्यकताको प्रथमिकिकरण गर्ने, आवश्यकताहरूको पुर्ति गर्न विभिन्न कार्यक्रमहरू ल्याउने, कार्यक्रमको लागी आवश्यक पर्ने आर्थिक स्रोतको स्थानीय रुपमा संकलन, पहिचान र परिचालन गर्ने । कार्यन्वयनमा प्रभावकारीता ल्याउन स्पष्ट अनुगमन योजना बनाउने व्यवस्था गर्ने । कार्यान्वयनमा प्रभावकारीता ल्याउन स्पस्ट अनुगमन योजना वनाउने व्यवस्था गर्ने र सामान्य संशोधन गरेर हुने अवस्था देखिएमा संशोधन गर्नु पर्ने कहाँ हो ? नमिलेको के हो ? थप्नु पर्ने के हो ? आदि विषयमा समीक्षा गरी स्पस्ट निष्कर्ष निकाल्ने । जिल्ला स्तरमा जिल्ला शिक्षा कार्यालयको आयोजनामा, विद्यालयमा प्र. अ. वि. व्य. स. अध्यक्ष र विद्यालयको सहभागीतामा विद्यालय सुधार योजना समीक्षा गोष्ठिी संचालन गरी प्रत्येक

विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था र कार्यन्वयन हुन नसक्नुका कारण विषयमा समीक्षा गर्ने, पृष्ठपोषण संकलन गर्ने र निष्कर्षमा पुग्ने ।

**तालिम प्रदान गर्ने**

योजना निर्माणका लागि क्षमतावान दक्ष जनशक्तिको आवश्यकता पर्दछ । योजना निर्माणकै लागि भनेर छुट्टै जनशक्तिको लागि आबश्यक सीपमूलक तालिमको ब्यवस्था गर्नुपर्ने हुन्छ । विद्यालय सुधार योजना निर्माणका लागि प्र. अ. र वि. ब्य. स. का अध्यक्षहरूलाई ३ दिने तालिम प्रदान गरिएको देखिन्छ । तालिम दिने क्रममा तालिमको गुणात्मक पक्ष र पूर्ण सहभागीतालाई पर्याप्त ध्यान नदिई कम खर्च गर्ने र बढी भन्दा बढी वचाउने मनसाय राखेको पाइन्छ । जसबाट सहभागीतालाई समयमा सूचना गरी तालिमलाई सहभागीता पुर्ण बनाउने, विशेषज्ञको सहयोग लिई तालिमका विषयवस्तुलाई छर्लङ्ग बनाइ सहभागीताहरूमा सक्षमताको विकास गर्ने तर्फ तालिम आयोजकहरूको कमै ध्यान भएको पाईन्छ भने अर्कोतिर सहभागीहरूले पनि तालिमवाट सीप सिक्नुपर्ने र उक्त सीपको प्रयोग योजना निर्माणमा आबश्यक हुनेतर्फ ध्यान पुर्‌याउन सकेको देखिदैन । जसवाट योजनाको अवधारणात्मक पक्ष जस्तो विद्यालय सुधार योजना किन ? के का लागि ? यसका आधारभुत पक्षहरू के -के हुन् ? यसको निर्माण स्रात पहिचान, परिचालन र कार्यान्वयनका जिल्ला शिक्षा कार्यालय, विद्यालय र समुदायको भुमिका के रहने ? योजना निर्माणको विधि के हो ? कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धि गर्न के गर्नु पर्ने ? आदि विषयहरूमा तालिम दिने सहभागिहरू पनि प्रष्ट हुन नसकेको पाइयो । जसवाट विद्यालय सुधार योजना निर्माण कार्य स्वस्फूर्त ढंगले सहभागितात्मक रुपमा निर्माण र कार्यान्वयन हुन सकेन ।

योजना कार्यान्वयन र निर्माणको यस अवस्थामा सुधार गर्न । संशोधन गर्न वा पुनः निर्माण गर्न विद्यालयका प्र.अ., वि.ब्य.स. अध्यक्ष र सदस्य, अभिभावक, विद्यार्थी आदिको पुर्ण सहभागीतामा विशेषज्ञहरूको प्रयोग गरी कम्तिमा ५ दिनको योजना निर्माण र कार्यान्वयन सम्बन्धी तालिम प्रदान गर्ने । तालिमलाई पूर्णत सहभागीतामूलक विधिबाट संचालन गरी विद्यालय सुधार योजनाका अवधारणत्मक पक्षहरूका प्रष्टपार्ने । विद्यालय सुधार योजना आउनुको आसय के हो ? यसैको निर्माण र कार्यान्वयन गर्दा विद्यालयलाई हुने फाइदाहरू र नगर्दा हुने फाइदाहरू के - के हुन् ? यसमा समावेश गरिने विवरणहरू, तथ्यहरू के - के हुन् ? तिनीहरूको संकलन विधि के हो ? विद्यालय सुधार योजनालाई कति भागमा विभाजन गरेर निर्माण गर्नु पर्ने हो ? स्थानीय समस्या र आवश्यकता परिचालनका विधिहरू के - के हुन् ? वजेट र कार्यक्रमको ब्यवस्था कहाँ- कहाँ बाट

कति कहिले उपल्बध हुने ? योजनालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न योजना अनुगमनको कार्य योजना कस्तो  रहने ? अनुगमनमा को को कसरी संलग्न हुने ? योजनाको निर्माण र कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालय स्रोतकेन्द्र, गा. वि. स. र समुदायको के कस्तो भुमिका रहने आदि विषयमा छर्लङ्ग पार्न सकेमात्र वस्तुगत योजना निर्माण र कार्यान्वयन हुने आशा गर्न सकिन्छ ।

**योजना निर्माण सम्बन्धमा व्यापक प्रचार - प्रसार र छलफल गर्ने**

योजना निर्माण कार्य प्रसम्भ गर्नुपुर्व तयारीको रुपमा योजना निर्माण कार्यमा सहभागीता र संलग्नता  अभिबृद्धि गर्न योजना निर्माण कार्यक्रमको प्रकृति, अवधि, संख्या आदि विवरण खुलाई स्थानीय संचार माध्यम, सार्वजनिक सूचना, छलफल गोष्ठी, सेमिनार आदि संचालन गरेर सो मार्फत् प्रचार प्रसार गर्दा सरोकारवालाहरू  सुसूचित हुन गई योजना निकर्माण कार्यमा हाफ्नो चासो, जिज्ञासा, रुचि राख्न पुग्दछन् । जसवाट योजना निर्माणको क्रममा सरोकारवालाहरूवाट आवश्यक पर्ने विभिन्न सहयोग निर्वाध रुपमा जुटाउन सहयोग    पुग्दछ ।

**विद्यालय सुधार योजना कार्यान्वयनको लागि आवश्यक समितिको गठन गरी कार्य गर्न लगाउने**

विद्यालय सुधार योजना निर्माण पश्चयात योजनाको प्रभावकारी कार्यन्वयनका लागि आवश्यक स्रोत साधनको संकलन, पहिचान र परिचालन गर्न र कार्यान्वयन प्रभावकारीता, कार्यान्वयनमा देखिएका समस्या एवं जटिलतहरू अध्ययन गरी आवश्यक सहयोग उपल्बध गराउन निम्न अनुसारका उपसमिति वनाउने । (क) श्रोत संकलन र परिचालन समिाित    (ख) अनुगमन निरीक्षण समिति र (ग) उल्लिखित समितिहरू सक्षम व्यक्तिको संयोजकत्वमा गठन गरी उक्त समितिहरूले सम्पादन गर्नु पर्ने कार्यको स्पष्ट कार्ययोजना निर्माण गरी सो अनुसार कार्य संचालन गर्न लगाउने व्यवस्था गर्ने ।

**समन्वय र सहकार्य गर्ने**

विद्यालयको समग्र विकासका लागि तयार परिएको दस्तावेजको प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धी प्रप्त गर्न बिद्यालय व्यवस्थापन समितिले स्थानिय समुदाय, अभिभावक, स्थानीय निकाय, गैर सरकारी संघ संस्था, जिल्ला शिक्षा कार्यालयसंग निरन्तर समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउने ।

**समुदाय परिचालनमा जोड दिने**

शिक्षामा पहुँच अभिवृद्धि गर्न आयोजना गरीने अधिकांश कार्यक्रमहरूको लागि कुनै वजेटको आवश्यकता पर्दैन । समुदाय परिचालनबाट विद्यालयको विकास र सुधारका ठुला ठुला कार्यहरू सम्पन्न गर्न सकिन्छ । यसरी विद्यालय सुधार योजना कार्यक्रममा समावेश गरिएका कार्यक्रमहरू समुदायको परिचालनवाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रयत्न गरिनुपर्छ ।

**योजना निर्माणका लागि पर्याप्त समय र स्वतन्त्रता दिनुपर्ने**

विद्यालय सुधार योजना निर्माण सम्वन्धमा विगतमा योजना निर्माणमा स्वतः स्फुर्त ढंगले विद्यालय तगार नहुने तर जिल्ला शिक्षा कार्यालयले समयसिमा तोकी योजना बनाइ पेश गर्न आदेश निर्देशन गरेर करकापमा परी रातारात योजना निर्माण गरी पेश गर्न लागाएको देखियो । जसवाट कार्यान्वयनमुखी वस्तुगत योजना निर्माण हुन सकेन र अब त्यसो नगरी योजना निर्माणमा सरोकारवालाहरूलाई स्वः स्फुर्त ढंगले जुटने वातावरण निर्माण गरेर पर्याप्त समय, साधन स्रोतको आफै ब्यवस्थापन गर्न सक्ने स्वतन्त्रताको ग्यारेन्टी गरी योजना निर्माण वा पुनः निर्माण कार्यमा लाग्नु पर्ने देखिन्छ ।

**योजनाको  उद्देश्य, कार्यक्रम, रणनिति र अनुगमन योजनाको वीच तालमेल हुनुपर्ने**

निर्मित विद्यालय सुधार योजनाका उद्देश्य, कार्यक्रम, रणनिती र अनुगमन योजना विच तालमेल देखिएन । जसवाट योजनाको प्रभावकारी कार्यान्वयनमा समस्या सिर्जना हुन गयो । उद्देश्य अनुसारका कार्यक्रम, कार्यक्रम अनुसार रणनिती मुताविकको अनुगमन योजना हुनु पर्दछ । अवदेखि निर्माण हुने योजनाहरूले यी विभिन्न पक्षहरू बीचको क्रमवद्धता र अन्तरसम्बन्धलाई ध्यान दिनु पर्दछ ।

**सुचनामा आधारित अनुगमन योजना हुनु पर्ने**

योजनामा उल्लिखित कार्यक्रमहरूको सम्पादन भए पश्चयात विद्यालयको कुन- कुन पक्षमा के कस्तो सुधार वा विकास हुने हो ? सोको आधारमा संख्यात्मक र गुणात्मक रुपमा मापन गर्न सक्ने गरी अनुगमन योजना वनाउनु पर्छ । अनुगमन र निरिक्षण कार्यलाई प्रभावकारी वनाउन अनुगमन निरिक्षणको क्रममा आउन सक्ने संभाविता पूर्वाग्रही भावहरूलाई नियन्त्रण गर्न सक्ने गरी अनुगमन योजना निर्माण गरी कार्यान्वयन गरिनु पर्दछ ।

**प्रतिवेदन कार्यान्वयनको ब्यवस्था**

अनुगमन र निरीक्षणवाट तयार भइ पेश हुन आएको प्रतिवेदन तत्काल कार्यान्वयन गरी सम्पादन भइरहेको कार्यको गुणस्तर सुधार र विकास गर्न विद्यालय स्तर, स्रोतकेन्द्र स्तर र जिल्ला शिक्षा कार्यालय स्तरवाट प्रतिवेदन कार्यान्वयनको ब्यवस्था मिलाउने ।

**योजनाको आवधिक रुपमा समिक्षा गर्ने ब्यवस्था मिलाउने**

विद्याय सुधार योजनामा उल्लिखित कार्यक्रमहरू अर्धवार्षिक वा वार्षिक रुपमा के- कति सम्पादन गरिए ? कार्यक्रम संचालनको क्रममा विद्यालयले के -कस्ता कार्यहरू गर्नुपर्यो, अनुभव के रह्यो ? को कसवाट के -कस्तो सहयोग  कति प्रप्त भयो ? सम्पादन गर्न सकिएन ? कार्यक्रम सम्पादनका क्रममा आईपरेका कठिनाइ समस्या र चुनौतीहरू के - के हुन ? आउँदा दिनहरूमा ती समस्या र चुनौतीहरूसंग जुधेर कार्यक्रम सफलतापुर्वक संचालन गर्न के गर्नुपर्ला ? आदि विषयमा थप पृष्टपोषण लिन र दिन आम सरोकारवालाहरूको उपस्थितिमा सकभर अर्ध बार्षिक रुपमा नभए वार्षिक रुपमा समीक्षा गरी सुधारका लागि अघि बढ्नु पर्ने देखिन्छ । यस कार्यका लागि जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रले सहजीकरण गरी विद्यालय स्तरको समीक्षामा प्रप्त पृष्ठपोषणको आधारमा जिल्लास्तरमा समीक्षा गरी सुधारका लागि थप कार्यक्रम प्रस्तुत गरी अघि बढ्नु पर्ने हुन्छ ।

**योजनालाई निरन्तर अद्यावधिक गर्दे लैजाने**

विद्यालय सुधार योजना क्रमागत योजना हो । यो पञ्चवर्षीय योजनामा आधारित हुन्छ । यस योजनामा प्रत्येक वर्ष संचालन गरिने कार्यक्रमको कार्य योजना समाबेश गरिएको  हुन्छ । प्रत्येक आर्थिक वर्षको अन्त्यमा सो वर्ष लक्षित गरिएका कार्यक्रमहरू के कति सम्पादन  भए ?  के कति उपलब्धी भयो र सम्पादन हुन नसकेका लक्षित कार्यक्रमहरू के-के हुन् ? ति कार्यक्रमहरू चालु आर्थिक बर्षको कार्यक्रममा सार्ने र सम्पादन भइसकेका कार्यक्रमको विवरण योजनाबाट हटाइ थप अर्को वर्षको कार्यक्रम निर्माण गरी समावेश गर्दै जानु पर्दछ ।

## विद्यालय सुधार योजनाको सारांशका रुपमा गाउँ शिक्षा योजना र गाउँ शिक्षा योजनाको सारांशका रुपमा जिल्ला शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने

यस जिल्लाको हालसम्मको शैक्षिक योजना निर्माणको प्रकृति हेर्दा विभिन्न तहमा निर्माण गरिने शैक्षिक योजनाहरूबीच अन्तरसम्बन्ध स्थापित हुन सकेको देखिदैन । एकले अर्कालाई पछ्याउन सकेको पाईदैन । अर्थात माथिल्लो शैक्षिक योजनाले तल्लो शैक्षिक योजनालाई समावेश गर्न सकेको छैन । जसवाट योजनाको कार्यान्वयन पक्ष प्रभावकारी रुपमा अघि वढ्न सकेको देखिदैन । योजना निर्माणको रुपमा देखिएका यस  हचुवा प्रवृतिलाई अन्त गरी विद्यालय सुधार योजनाको सारांश गाउँ शिक्षा योजना हुनुपर्दछ  भने गाउँ शिक्षा योजनाको आधारमा जिल्ला शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनु पर्दछ ।

## विद्यालय सुधार योजनामा स्पष्ट दृष्टिकोण रहनु पर्दछ

विद्यालय सुधार योजनाको कार्यान्वयन पश्चात विद्यालयको शैक्षिक भौतिक लगायतको समग्र अवस्था कस्तो हुनेछ । सो अवस्थाको प्रप्तीका लागि विद्यालयले गर्नुपर्ने प्रयन्तहरू के- के हुन् ? आदि विषयमा विद्यालयले योजनामा आफ्नो स्पस्ट दृष्टिकोण प्रस्तुत गर्नु पर्दछ । जसले संयुक्त एवं गुणस्तरीय शिक्षा उपलब्ध गराउने संयन्त्रको रुपमा विद्यालयलाई विकास गर्न मार्ग दर्शन गर्न सकेको होस । योजनाले विद्यालयलाई शिक्षण सिकाइको असल संगठनका रुपमा मात्र विकास गर्ने लक्ष्य नराखेर वालवालिकाको समग्र व्यक्तित्वको विकास गरी जीवन निर्वाह गर्न सक्षम नागरिकको विकास गर्ने संगठनको रुपमा विकास गर्नु पर्दछ ।

## योजनाले जिम्मेवारी र कार्यक्षेत्रको विभाजन गर्नु पर्दछ

विद्यालयको समग्र विकासको आधार रेखाको रुपमा तयार गरिएको विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उद्देश्य प्रप्त गर्न योजनामा तय गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रक्रियामा विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय र सहयोगी निकायहरूमध्ये कस्को के जिम्मेवारी हुने ? आदि कार्य र जिम्मेवारी सम्पादन हुने व्यवस्था मिलाउनु पर्दछ । जसवाट कार्यक्रमको कार्यान्वयन प्रक्रिया विशिष्ट ढंगले हुन गइ अपेक्षित उद्देश्य प्राप्त गर्न सहयोग पुग्दछ ।

**विद्यालयले आफ्नो स्तर निर्धारण गरी स्तर बृद्धिको कार्यक्रम समावेश गर्नुपर्ने**

विशिष्ट सूचनाहरूको प्रयोग गरी सवै विद्यालयले आफ्नो स्तर निर्धारण गरेर क्रमागत रुपमा स्तर बृद्धि गर्नेतर्फ विद्यालय सुधार योजनामा स्पष्ट दृष्टिकोण, कार्यक्रम र योजना तय गरेको हुनु पर्दछ ।

**प्राप्ति**

सिरहा जिल्ला शिक्षा कार्यालय, यस मातहतका ११ वटा स्रोतकेन्द्र र ती स्रोतकेन्द्र मातहतका २,२ वटा सामुदायिक विद्यालयहरूलाई नमुना अध्ययन क्षेत्रको रुपमा छनौट गरी विद्यालय सुघार योजना र कार्यान्वयनको अबस्था विषयमा शोध अध्ययन गर्दा देखिएका तथ्यपूर्ण जानकारी र विवरणहरू निम्न अनुसार उल्लेख गरिएको छ । विद्यालय सुधार योजनाको अवधारणा सम्बन्धमा अधिकांश शिक्षक, विद्यार्थी र अभिभावक स्पष्ट हुन नसकेको पाइयो ।

योजना कार्यान्वयन गर्ने समयमा  जिल्ला शिक्षा कार्यालय र स्रोत्रकेन्द्रले योजना कार्यान्वयन कार्यमा प्रभावकारिता अभिवृद्धि गर्न प्रयाप्त अनुगमन निरिक्षण र पृष्ठ पोषण सेवा उपलव्ध गरउन नसकेको पाइयो । योजना कार्यान्वयनको लागि आवश्यक सम्पूर्ण बजेट सरकारले दिन्छ भन्ने सोचाईले महत्वकांक्षी योजना र कार्याक्रम निर्माण गरिएको पाइयो । योजना कार्यान्वयनका लागि स्थानीय साधन स्रोतको पहिचान र परिचालन तर्फ विद्यालयको प्रर्याप्त ध्यान पुग्न नसकेको पाइयो । विद्यालयका हरेक गतिविधिहरूमा समुदायको प्रर्याप्त चासो, जागरुकता र सहयोगको कमि देखियो ।

विद्यालयको विकासका लागि अपरिहार्य समुदाय परिचालनको पाटो साह्रै कमजोर देखियो । अधिकांश प्र. अ. र शिक्षकहरूमा विद्यालयको सुधार र विकासका लागि प्रर्याप्त दक्षत,क्षमता,इच्छाशक्ति र प्रतिबद्धता उच्च मनोवलको अभाव देखियो । शैक्षिक गुणस्तर एवम स्तर उन्नतिको सवालमा स्थापित संस्थागत संयन्त्र एवम् जिम्मेबारी नेतृत्व र कार्यगत कर्मचारीहरूमा कुनै खास योजना देखिएन । तिनीहरूमा प्रर्याप्त र चासोको अभाव देखियो । निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन पक्ष अत्यन्त  फितलो रहेको पाइयो तथा निर्मित विद्यालय सुधार योजना अधावधिक हुन नसकेको देखियो । विद्यालय सुधार योजनाको कार्यान्वयनमा प्रभावकारीता र अपेक्षित उपलब्धीको लेखाजोखा गर्न समीक्षा गर्ने प्रचलन देखिएन ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

केन्दीय तहवाट निर्माण गरिने शैक्षिक योजनाहरूले स्थानीय शैक्षिक आवश्यकतालाई पूर्ण रुपमा वस्तुगत ढंगले संवोधन गर्न नसक्ने हुदाँ कार्यान्वयन पक्ष फितलो हुन गइ अपेक्षित उपलब्धी प्रप्त गर्न कठिनाइ हुन जान्छ । यहि तथ्यलाई मध्यनजर गरी प्रजातान्त्रिक राज्य ब्यवस्थाले शैक्षिक बिकेन्द्रीकरणको प्रयासस्वरुप स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय स्तरमै उपलब्ध स्रोत साधनहरूको अधिक पहिचान, परिचालन र प्रयोग गरेर सहभागितामूलक विधिवाट विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन गर्ने प्रक्रियाको थालनी गरेको छ । विद्यालयको सुधार र विकासका लागि विद्यालय स्वयम् चिन्तनशील, प्रयत्नशील, जिम्मेवार र जवाफदेहीता बन्नु पर्दछ भन्ने भावना यस प्रक्रियाले जागृत गर्न खोजेको छ ।

खासगरी हाम्रा समुदायिक विद्यालयहरू जो भौतिक रुपमा जीर्ण हुँदै गइरहेका छन् । मानवीय रुपमा प्रर्याप्त एवं दक्ष जनशक्तिको अभावमा शैक्षिक गुणस्तर धान्न सकिरहेका  छन् । सामाजिक रुपमा भन्नुपर्दा सामाजिक सदभाव, सहयोग र अपन्त्वको भाववाट टाढा हुत्याइएका छन् । यस अवस्थामा यी तिनै पक्षहरूको समस्याहरूको कारक तत्व के हो ? अन्तर कहाँ हो ? सामाधान के हो ? गम्भिर रुपमा सोचेर अघि बढ्नु नितान्त आवश्यकता छ । यसका लागि संस्थागत प्रयास, सामुहिक सोच, बिशिष्टीकृत जिम्मेवारी र जवाफदेहिताका साथै बैज्ञनिक योजनाको निर्माण र कार्यान्वयनको खाँचो रहेको छ । जस्को अस्त्र बस्तुगत धारातलमा समभागीतामूलक बिधीको प्रयोगबाट र्निमित बिद्यालय सुधार योजना नै हुन्छ ।

सोध अध्ययनले पुष्टी गरेको अनुसार सिरहा जिल्लाका सामुदायिक विद्यालयरु मुख्यतः पर्याप्त शिक्षक दरवन्दी र उपर्यूक्त र भौतिक पुर्बाधारका अभाव रहेका छन् । यि नै समस्याहरूको सम्बोधर्नाथ निर्माण गरिएका विद्यालय सुधार योजनाहरू कार्यान्वयनको छेउछाउसम्म पुग्न सकेको छैनन् । किन भन्दा विद्यालय सुधार योजना निर्माणको आदेश गर्नेले योजना निर्माण गर्नका लागि आवश्यक उपर्यूक्त बातावरण (आधारभुत शिप मुलक तालिम) आबश्यक आर्थिक, भौतिक स्रोतसाधन र प्राविधिक सेवा दिन सक्ने, योजना निर्माणमा डट्ने ब्यक्ति अर्थात समुहले योजनाको आवश्यकता, उपादेयता र औचित्य के चिन्न सकेन । योजना निर्माण र कार्यान्वयनको पक्रियामा आफ्नो संलग्नता, जिम्मेवारी र जबाफदेहीता निर्माणमा सम्बद्ध पक्षहरूले बोध गर्न सकेन । बिद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनलाई साह्रै हलका रुपमा लिइयो । योजना निर्माण

प्रक्रियामा प्रयाप्त छलफल र वहस र सहभागीता हुन सकेन । प्रयाप्त श्रोतको पहिचान र परिचालनको पक्षलाई योजनामा ध्यान दिन सकिएन । अन्ततः कार्यान्वयन पक्ष कमजनेर सावित भयो ।

योजना निर्माणको क्रममा देखिएका कमिकमजोरीहरूवाट पृष्टपोण लिदै, पाठ सिक्दै अगामी दिनमा योजना निर्माणको पक्षमा सरोकारवालाहरूको ब्यापक सहभागीता, योजना निर्माणका विभिन्न चरणहरूमा छलफल, वहस, आवश्यकता समस्या र चुनौतिहरूको वस्तुगत आधारमा प्रथमिकीकरण, प्रयाप्त श्रोतको पहिचान र प्रयोग, योजना सँगै प्रन्यक्ष, अप्रत्यक्ष रुपमा सम्बन्धित बिभिन्न ब्यक्ति निकाय र संस्थाहरूबीच समन्वयमा मुख्य जोड दिनु पर्ने देखिन्छ ।

## ५.२ सुझाव

विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था अध्ययन शीर्षकमा केन्द्रित अध्ययन अनुसन्धानका क्रममा प्रप्त गरिएका सुचनाहरूको विश्लेषणबाट प्रप्त गरीएको निश्कर्षको आधारमा नीतिगत तहका सुझावहरू, अभ्यास तहका सुझावहरू र अनुसन्धान तहका सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

शैक्षिक नीति निर्माण तह भनेको देशका उच्च तहमा रहेका शैक्षिक निकाय हेर्ने कार्यक्रम संचालन गर्ने निकायहरूलाई बुझाउँछ । शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, शैक्षिक जनशक्ति केन्द्र, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, लगायतका नीति निर्माण तहमा कार्य गर्ने संघ संस्थाहरू सवैले आ-आफ्ना तर्फवाट विद्यालयमा विद्यालय सुधार योजनाको कार्यान्वयन उत्तरदायित्व बहन गर्न सक्ने तुन्याउन विद्यालय र सरोकारवालाहरूको नीति लिनुपर्ने देखिन्छ । माथील्लो निकायबाट अनुगमन, निरीक्षण तालिका अनुसार विद्यालयलाई निरीक्षण गरी सोही अनुसार विद्यालयलाई प्राप्त हुने अनुदान रकम वितरण गर्नुपर्ने ब्यवस्था मिलाउनु पर्ने देखिन्छ । विद्यालय सुधार योजनाको कार्यान्वयन  जिल्ला शिक्षा कार्यालय र स्रोत्रकेन्द्रले प्रभावकारिता अभिवृद्धि गर्न प्रयाप्त अनुगमन निरिक्षण र पृष्ठपोषण सेवा उपलब्ध गराउन नसकेकाले विद्यालयको समुचित ब्यवस्थापन तथा विद्यालयको  विद्यालय सुधार योजनाको कार्यान्वयन विद्यालय ब्यवस्थापन समितिले लिनुपर्दछ भने प्र. अ. तथा विद्यालय प्रशासनले कार्यानवन्य सही ढंगले गर्न गराउनु पदर्छ । स्रतकेन्द्र तथा शिक्षसँग सम्बन्धित माथिलो विकायले समय समयमा अनुगमन, मुल्यांकन गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

शिक्षाका माथिल्ला निकायहरूले शैक्षिक नीति निर्माण गर्ने गरेका हुन्छन् भने त्यसलाई कार्यान्वयन गराउने निकाय छुट्टै रहेको हुन्छ। शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षे.शि. नि., शै. ज. वि. के., अनौपचारीक शिक्षा केन्द्र जस्ता नीति निर्माण तहले बनाएका शैक्षिक नीति र कार्यक्रमलाई कार्यान्वयन तहले सही रुपमा कार्यान्वयन गर्दछ। स्थानीय तहमा शैक्षिक नीति र कार्यक्रमको कार्यान्वयन गर्ने निकायको रुपमा जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्यालय संग सरोकार राख्ने वि.ब्य.स., शि.अ.सं., अभिभावक, शिक्षाविद, राजनैतिककर्मी, प्र.अ., शिक्षक र विद्यार्थीहरू समेतलाई बुझाउँछ। त्यसकारण समग्र सरोकारवालाहरूलाई समेटने हुनाले यो अध्ययनले विद्यालयको भावी कार्यदिशा कोर्ने सम्बन्धमा महत्वपुर्ण सहयोग पुर्याउने हुदाँ सवै तह र तप्कामा रहेका शैक्षिक निकायसंग आवद्ध ब्यक्तिले आफ्नो तर्फवाट विद्यालय सुधार योजनाको कार्यान्वयन गर्नको लागि सहज बनाउन सकिन्छ।

विद्यालय सुधार योजनाको अवधारणा सम्बन्धमा अधिकांश शिक्षक, विद्यार्थी र अभिभावक स्पष्ट गनुपर्ने नितान्त जरुरी देखिएको छ। विद्यालय सुधार योजना कार्यान्वयन कार्यमा मुख्य सहयोगी निकायको रुपमा गाउँ शिक्षा समिति र स्रोकेन्द्रस्तरीय समितिको व्यवस्था गरिएकोमा दुबै समिति गठन तथा सक्रिय रुपमा प्रभावकारी ढंगले परिचालन गर्नुपर्ने देखियो। गा.वि.स. भित्रका सम्पूर्ण विद्यालयका विद्यालय सुधार योजनाको कार्यान्वयन समष्ठिगत रुपमा गाउँ शिक्षा योजना हुनुपर्नेमा सो कार्यान्वयन हुन नसकेको जिल्ला शिक्षा योजना निर्माण भएको तर विद्यालय सुधार योजनाहरूका आवश्यकता र समस्या पूर्ण रुपले समेट्नु पर्ने देखियो। योजना निर्माणको क्रममा योजना कार्यान्वयनको लागि आवश्यक सम्पूर्ण बजेट सरकारले दिन्छ भन्ने सोचाईले महत्वकांक्षी योजना र कार्याक्रम निर्माण गरिएकोले कार्यान्वय पक्ष कमजोर देखियो।

योजना कार्यान्वयनका लागि स्थानीय साधन स्रोत्रको पहिचान र परिचालन तर्फ विद्यालयको प्रर्याप्त ध्यान पुग्न नसकेको पाइयो। विद्यालयका हरेक गतिविधिहरूमा समुदायको प्रर्याप्त चासो , जागरुकता र सहयोगको कमि देखियो। विद्यालयको विकासका लागि अपरिहार्य समुदाय परिचालनको पाटो साह्रै कमजोर देखियो। शैक्षिक गुणस्तर एवम स्तर उन्नतिको सवालमा स्थापित संस्थागत संयन्त्र एवम जिम्मेबारी नेतृत्व र कार्यगत कर्मचारीहरूमा कुनै खास योजना देखिएन। तिनीहरूमा प्रर्याप्त र चासोको अभाव देखियो। निर्मित विद्यालय सुधार योजनाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेको पाइयो तथा विद्यालय सुधार योजना अधावधिक हुन नसकेको देखियो।

विद्यालय सुधार योजनाको कार्यान्वयनमा प्रभावकारीता र अपेक्षित उपलब्धीको लेखाजोखा गर्न समीक्षा गर्ने प्रचलन देखिएन ।

### ५.२.३ अनुसन्धान तह

विद्यालय सुधार योजना कार्यान्वयनको लागि सरोकारवालहरूले कस्तो सवल एवम् सक्रिय सहभागिता देखाउन सक्दछन सो सवालमा यस अनुसन्धानको निश्कर्षवाट आएका सुझाव र विगतका दिनमा गरिएको अध्ययन अनुसन्धानको अध्ययनले औंल्लाएको सुझाव सल्लाहलाई समेत विद्यालयको उपयोगका लागि प्रयोग गर्न सकिन्छ । बिद्यालय सुधार योजनाको राम्रो संग कार्यान्वयन गर्न सकिएमा ब्यवस्थापनमा सम्पुर्ण सरोकारवालाहरूको सक्रिय सहभागिता भएमा सामुदायिक विद्यालयप्रति आकर्षित भई विद्यार्थी भर्ना तथा विधार्थीको निरन्तर उपस्थितिमा टेवा पुग्नुको साथै गुण्स्तरीय शिक्षाको विकास हुन आउँछ ।

आउँदो दिनमा भावी शोधकर्ताहरूबाट विद्यालयको ब्यवस्थापन विद्यालय सुधार योजनाको कार्यान्वयन, प्र. अ.को भुमिका, वि.ब्य.स. तथा शिक्षक अभिभावक संघको भुमिकामा पनि सक्रियता बढाउन सकिन्छ । विद्यालय सुधार योजनाको कार्यान्वयन तथा ब्यवस्थापनमा पनि सरकारी योगदान, गुणस्तरीय शिक्षाको लागि विद्यालय सुधार योजनाको कार्यान्वयन गरिएमा दातृ निकायहरूको प्रयास जस्ता थप शीर्षकहरूमा अनुसन्धानका लागि सुझावहरू प्रस्तुत गरिएको छ ।

## सन्दर्भसूची


अनौपचारिक शिक्षा केन्द्र (२०६६), *राष्ट्रिय साक्षरता अभियान कार्यान्वयन निर्देशिका,* सानोठिमी भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

आठराई प्रकाशन (२०६६), *शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९,* काठमाडौं : आठराई प्रकाशन ।

काफ्ले, वासुदेव र  पौडेल, गिरीराज (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : जुपीटर प्रकाशन ।

काफ्ले, वासुदेव र सिन्हा, रामस्वरुप तथा अन्य (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौं : विद्यार्थी प्रकाशन ।

के.सी., फत्तबहादुर (२०५६), *संगठनात्मक व्यवस्थापन,* काठमाडौं : सुकुन्दा पुस्तक भवन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६४), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, मुकुन्दमणी *(२०६१), शिक्षामा लगानी, शिक्षक शिक्षा पत्रिका, २०६१ अंक १,* काठमाडौं : शैक्षिक जनशक्ति विकास केन्द्र ।

*पाठ्यक्रम विकास केन्द्र (२०५७), प्राथमिक पाठ्यक्रम दिग्दर्शन, पाठ्यक्रम विकास केन्द :* सानोठिमी भक्तपुर ।

थापा, तारावाहादुर, काफ्ले, वासुदेव, अधिकारी नारायण (२०६८), *शिक्षामा मानव संसाधन र व्यवस्थापन,* काठमाडौं : सनलाईट पब्लिकेसन एण्ड डिस्ट्रीबयुर्टस प्रा.लि. ।

नेपाल, जनार्दन (२०५४), *नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना, डिल्लीबजार, काठमाडौं :* हाइडल प्रेस प्रा.ली. ।

*नेपालमा शिक्षा आयोगका प्रतिवेदन २०५८ ।*

नेपाल, विमल (२०६५), *सामुदायिक प्राथमिक विद्यालयमा मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापन अध्ययन,* अप्राकशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

बेल्से, मिन प्रसाद (२०५९), *विद्यालयको शिक्षामा बैदेशिक सहयोगको योगदान एक अध्ययन,* काठमाडौं : शिक्षा विभाग ।

यादव, राम औतार (२०६९), *विद्यालयको भौतिक ब्यवस्थापनमा सरोकारवालाहरुको सहभागिता,* अप्राकशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

*विद्यालय सुधार योजना सहयोगी पुस्तिका (२०६१),* शिक्षा विभाग सानोठिमी, भक्तपुर ।

विष्ट र साथीहरु (२०६२), *शैक्षिक विकेन्द्रीकरणको प्रसंगमा विद्यालय सुधार योजना निर्देशिका ।*

सिहं, ललित विक्रम (२०६५), *विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

श्रेष्ठ, अमुदा (२०६०), *ब्यवस्थापनको सिद्धान्त,* काठमाडौं : बुद्ध एकेडेमी पब्लिसर्स एण्ड डिस्ट्रीव्युर्टस प्रा.लि. ।

*स्थानीय स्वायत शासन नियमावली* (२०५५), काठमाडौं : कानून तथा न्याय मन्त्रालय ।

## विद्यालय सुधार योजना कार्यान्वयन

## अनुसूची - १

### अर्न्तवार्ता गाइड

### १. जिल्ला शिक्षा अधिकारीका लागि

- विद्यालय सुधार योजनाको अवधारणा
- यसको सैद्धान्तिक आधार
- यसको आवश्यकता
- यसको उद्देश्य
- यस सम्बन्धमा आयोजना गरिएको तालिम
- योजना निर्माण गर्ने विद्यालय संख्या
- योजना अद्यावधिक गर्ने विद्यालय संख्या
- योजना निर्माणको क्रममा देखिएका समस्या
- योजना कार्यान्वयनको अवस्था
- योजना कार्यान्वयनमा देखिएका समस्या
- कार्यालयले निर्माण कार्यान्वयनमा उपलब्ध गराएको सहयोग

### २. स्रोत व्यक्तिका लागि

- विद्यालय सुधार केन्द्रको आसय
- यसको महत्व
- यसको निर्माणमा ध्यान दिनुपर्ने कुराहरु
- योजना निर्माण र अद्यावधिक गर्ने विद्यालय संख्या
- योजनाको कार्यान्वयन अवस्था
- कार्यान्वयनका स्रोतकेन्द्रले पुऱ्याएको सहयोग

**३. विद्यालयका प्र.अ. र शिक्षकको लागि**

- विद्यालय सुधार योजनाको आवश्यकता र महत्व
- योजना निर्माण पूर्व र निर्माण अवधि र नियमी पश्चात यस सम्बन्धमा विद्यालयले संचालन गरेका कार्यहरु
- योजनाको सहभागीतात्मक पक्ष
- योजनाको अद्यावधिक समीक्षा कार्यान्वयनमा प्रभावकारीता
- कार्यान्वयन तहमा देखिएका चुनौती र समस्याहरु
- विभिन्न नवत्पबाटा योजना कार्यान्वयनमा लागि प्राप्त सहयोग

**४. वि.व्य.स., शि.अ. संघ, अभिभावक र विद्यार्थीका लागि**

- विद्यालय सुधार योजना धारणा
- योजना निर्माण र कार्यान्वयनमा सहभागीता र संलग्नता
- यसमा निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरु
- समस्या समाधानका लागि सुझाव

## विद्यालय सुधार योजना कार्यान्वयन

## अनुसूची - २

**सोध अध्ययनको क्रममा अन्तर्वार्ता र प्रश्नावली भरेर सहयोग गर्ने माहानुभावहरुको नामवली**

**१. जिल्ला शिक्षा कार्यालय सिरहा**

जिल्ला शिक्षा अधिकारी श्री दिलिप ठाकुर

शाखा अधिकृत श्री रामदरस यादव

प्रा.स. राम लखन महतो

**२ स्रोत केन्द्र**

**क) श्री बस्तीपुर उच्च मा. वि. बस्तीपुर**

स्रोत ब्यक्ति : एकलासी यादव

**विद्यालयहरु**

**१. श्री बस्तीपुर उच्च मा. वि. बस्तीपुर**

प्र.अ. : शुबोध नायक

बि ब्य.स. अध्यक्ष : हरीनारायण पासवान

शिक्षक : काशेन्द्र यादव

अभिभावक : धनीलाल यादव

विद्यार्थी :शिलु शाह

**२. श्री नि. मा.वि. पिडरवोनी**

प्र.अ. : बिलट चौधरी

बि ब्य.स. अध्यक्ष : शिन्धु प्रसाद साह

शिक्षक :विमला झा

अभिभावक :जुरी मोची

विद्यार्थी :शत्रुधन चौधरी

**३. श्री राष्ट्रिय प्रा.वि. पक्कीटोल**

प्र.अ. : राम औतार ठाकुर

बि ब्य.स. अध्यक्ष : आशा राउत

शिक्षक : जिबछ विश्वकर्मा

अभिभावक :शक्तिराम यादव

विद्यार्थी :दिनेश सदाय

**४. श्री राष्ट्रिय प्रा.वि. सरस्वती**

प्र.अ. : हरी पाल

बि ब्य.स. अध्यक्ष : शिव कुमार यादव
शिक्षक : शान्ति कुमारी यादव
अभिभावक :रमेश मंडल
विद्यार्थी :राजेश यादव

**३. स्रोत केन्द्र**

**क) श्री चन्द्र उच्च मा. वि. चन्द्रलालपुर**

**स्रोत ब्यक्ति : शालीग्राम कार्की**

**विद्यालयहरु**

**१. श्री मा. वि. चन्द्रोदयपुर**

प्र.अ. : परमेश्वर यादव
बि ब्य.स. अध्यक्ष : राम कुमार महरा
शिक्षक : राज कुमार मंडल
अभिभावक : बिनिता मंडल
विद्यार्थी : दिपक पासवान

**२. श्री नि. मा.वि. कसहा**

प्र.अ. : राम नारायण शाह

बि ब्य.स. अध्यक्ष : जयनाराण महतो

शिक्षक :प्रदिप यादव

अभिभावक : दिनेश यादव

विद्यार्थी :पुजा साह

**३. श्री राष्ट्रिय प्रा.वि. गोबिन्दपुर**

प्र.अ. : राजेन्द्र मंडल

बि ब्य.स. अध्यक्ष : अशोक सिंह

शिक्षक : ममता सिंह

अभिभावक : संगिता महतो

विद्यार्थी : रुपक पासवान

**४. श्री जनश्रमदान प्रा.वि. धरमपुर**

प्र.अ. : मधुराम महतो
बि ब्य.स. अध्यक्ष : प्रविन लामा
शिक्षक : वविता यादव
अभिभावक : दिपेश लामा
विद्यार्थी : शुनिल राम